# खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी

# राष्ट्रिय नीति

# २०७८

**नेपाल सरकार**

**खानेपानी मन्त्रालय**

२०७८

बिषय सूची

पृष्ठभूमी
२. नेपालको सन्दर्भ
३. वर्तमान अवस्था
४. संभावना र चुनौतिहरु
५. नयाँ खानेपानी तथा सरसफाइ राष्ट्रिय नीतिको आवश्यकता
परिच्छेद ख
खानेपानी तथा सरसफाइ राष्ट्रिय नीति
प्रस्तावना
१. दूरदृष्टि ( Vision )
२. लक्ष्य ( Goal)
३. उद्देश्य, नीति तथा रणनीतिहरु
उद्देश्य १
उद्देश्य १ अन्तर्गतका नीतिहरु
उद्देश्य २
उद्देश्य २ अन्तर्गतका नीतिहरु
रणनीतिहरु
उद्देश्य ३.
उद्देश्य ३ अन्तर्गतका नीतिहरु
रणनीतिहरु
उद्देश्य ४.
उद्देश्य ४ अन्र्तगतका नीतिहरु
रणनीतिहरु
उद्देश्य ५.
उद्देश्य ५ अन्तर्गतका नीतिहरु
रणनीतिहरु
८ कार्यान्वयन , अनुगमन र सुधार
९ खारेजी र बचाउ

# परिच्छेद - क

## १. पृष्ठभूमी

नेपाली जनतालाई राज्यको तर्फबाट खानेपानी तथा सरसफाई सेवा उपलव्ध गराउन सुरु भएको धेरै समय बितिसकेको छ । जनतालाई खानेपानी सेवा उपलव्ध गराएर मात्र पुग्दैन, । खानेपानी सफा, र स्वच्छ र पर्याप्त हुनु आवश्यक छ । बिश्वका लाखौ लाख निर्दोष शिशुहरू स्वच्छ खानेपानी र सरसफाइको अभावको कारण जन्मेको केही दिन या केही महिना या बर्ष भित्रै ज्यान गुमाउन बाध्य छन् ।

नेपालमा खानेपानी सेवा उपलव्ध भएका कतिपय ठाउँमा चाहिने जति र चाहिएको समयमा खानेपानी उपलब्ध हुन सकिरहेको छैन। जे जति र जुन समयमा उपलब्ध हुन्छ, त्यो साधारणतया शुद्धीकरणको प्रक्रृया मुताबिक प्रशोधन गरिएको हुँदैन । कतिपय बिकासशील देशहरुमा झन्डै असी प्रतिशत रोग पानीजन्य कारणबाट लाग्ने गरेको र एक तिहाइ मृत्यु सोही कारणबाट हुने गरेको पाइएको छ (UNICEF) । पैंतालीस विकासशील देशमा गरिएको एक सर्भे अनुसार (UNICEF) खानेपानी सेवाबाट बन्चित महिला र बालिकाहरु औशतमा छ (६) किलोमिटर यात्रा गरेर पानी ओसार्छन । स्पष्ट छ, यसरी पानीको लागि भौतारिने बालिकाहरु बिद्यालय जादैनन् या गए पनि बिचैमा छोड्न बाध्य हुन्छन । विकसित देशका जनताले औशतमा तीन शय लिटरसम्म प्रति व्यक्ति पानी उपभोग गर्छन । विकसित देशका आधा सार्वजनिक विद्यालयहरुमा पानी नै हुदैन, जहाँ पानी हुन्छ, शौचालय हुदैन र शौचालय भए पनि प्रायः छात्र र छात्राको लागि छुट्टै व्यवस्था हुदैन । नेपालमा पनि शौचालयको अभाव वा समस्याको कारण छात्राहरुले धेरै सास्ती पाउनु परेका उदाहरण छन् । शौचालय जानु नपरोस भनेर पानी नै नपिउने र स्कूल नै नजानेसम्मको अवस्था छ । महिनावारीको समयमा किशोरीहरु कक्षाबाट बिमुख हुने गर्छन । यथाशक्य चाडै यो स्थितिको अन्त हुनु अपरिहार्य छ ।

समुचित ढल व्यवस्थापनको अभावमा फोहर पानी र मानव मलमुत्रीय फोहोर प्रशोधन विना नै नजिकैको नदी, सिमान्त जमिन, ढल वा नालीमा जथाभावी रुपमा विसर्जन गर्ने वर्तमान प्रवृत्तिले गर्दा अप्रशोधित फोहरपानी एवम् मानव मलमुत्रीय फोहोरले सतह र जमीन मुनिका पानीका स्रोतहरुलाई प्रदुषित बनाउनुका साथै जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्दैगएको छ ।नेपालमा ढल व्यवस्थापन सम्बन्धी प्राचीन सभ्यताको सम्बन्धमा धेरै तथ्याङ्क उपलव्ध नभएता पनि मल्ल कालमा निर्मित ढलप्रणालीलाई सबै भन्दा पुरानो ढल प्रणालीको रुपमा लिन सकिन्छ । तत्पश्चात् राणा शासन कालमा काठमाण्डौ उपत्यकामा ढल प्रणालीको थप विकास हुँदै सन् १९२९ मा "पानी गोश्वारा अड्डा" को स्थापनालाई खानेपानी तथा ढल प्रणाली विकासको सन्दर्भमा कोशे ढुङ्गाको रुपमा लिन सकिन्छ । सन् १९७२ मा खानेपानी तथा ढल निकास विभागको स्थापना पश्चात् यस विभागले खानेपानी तथा ढल प्रणाली व्यवस्थापनको सन्दर्भमा महत्वपूर्ण योगदान पु-याउँदै आएको छ ।

सन् १९७० पश्चात् नेपाल सरकारले ढल प्रशोधन सम्बन्धी पूर्वाधारको विकासमा लगानी गर्न प्रारम्भ गर्दै आएको छ । सन् १९७० र १९८० को अवधिमा काठमाण्डौ उपत्यकाको तीन ओटै जिल्लामा एक (एक ओटा केन्द्रिकृत ढल प्रशोधन प्रणालीको निर्माण भयो र त्यसको केही समय पश्चात् उपत्यकाको अन्य भागमा थप दुई ओटा ठूला ढल प्रशोधन प्रणालीहरूको निर्माण भयो ।

बर्तमान अवस्थामा ढल आयोजना निर्माण सम्वन्धी कार्यहरु विभिन्न निकायहरुले आ-आफ्नै तौर तरिकाले सञ्चालन गर्दै आइरहे तापनि ढल व्यवस्थापन सम्बन्धी स्पष्ट नीतिगत व्यवस्थाको अभावमा यस क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुन सकिरहेको छैन। खानेपानीको तुलनामा सरसफाइलाई न्यून प्राथमिकता दिइने गरेकोले सरसफाइलाई प्रवर्धन गर्न सरसफाइ नीति आवश्यक ठानी नेपाल सरकारले

वि.स. २०६८ मा सरसफाइ कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि सरसफाई गुरुयोजना” प्रकाशित गरेको थियो । यस नीतिले सरसफाइ मानवको आधारभूत आवश्यकता, मानिसको दैनिक जीवन यापन संग सम्बन्धित विषय, प्रत्येक व्यक्तिको दायित्व र सरोकारको विषयको रुपमा परिभाषित गरी सरसफाइ प्रवर्द्धनका लागि आनीबानी परिवर्तनको आवश्यकता माथि जोडदिँदै आधारभूत सरसफाइ सुविधाको रुपमा रहेको शौचालय निर्माण एवम् खुल्ला दिसामुक्त अभियानलाई प्राथामिकतामा राखेर कार्यक्रमहरु तर्जुमा गरेको थियो जसको फलस्वरुप खुला दिसा मुक्त देश घोषणा हुन सम्भव भयो ।

## २. परिभाषा

२.१ बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीति

क) "सरसफाइ"भन्नाले मूलत: मानवमलमुत्र लगायतका मानव उत्सर्जित अन्य फोहोरमैलालाई सुरक्षित विसर्जन वा पुनर्उपयोगका लागि प्रयुक्त हुने सेवा तथा सुबिधा र तिनमा सहज पहुँचलाईजनाउनेछ।

ख) "सरसफाई सुबिधा" भन्नाले मानव मलमुत्र लगायत अन्य फोहरबाट जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न नदिन र स्वस्थ्य रहन व्यक्तिगत, घरासयी र वातावरीय स्वच्छता कायम गरी जनसमुदायको स्वास्थ्यमा सुधार ल्याउनका लागि गरिने प्रबर्धनात्मक कृयाकलाप र घरेलु, संस्थागत तथा सार्बजनिक शौचालयको प्रबर्धन, मानब मलमुत्रको सेप्टिक ट्यांक वा त्यस्तै अन्य संयन्त्रमा स्थलगत सञ्चय, आवधिक संकलन, ढुवानी तथा सुरक्षित बिसर्जन वा पुनर्उपयोग र फोहरपानीको भूमीगत सोचन अथवा निकास प्रणाली द्वारा सुरक्षित विसर्जन वा पुनर्उपयोग गर्ने कुनै वा सबै कार्य संझनु पर्दछ । सो शब्दले सरसफाई सेवा उपलब्ध गराउन गरिने अन्य कार्य समेतलाई जनाउनेछ ।

ग) "सुरक्षित खानेपानी" भन्नाले खानेपानीलाई स्वास्थ्यका लागि असुरक्षित बनाउन सक्ने भनी छानिएका प्रदूषकहरूको उपस्थिति राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड भित्र रहेको वा रहने गरी आपूर्ति गरिएको पानी सम्झनु पर्छ।

घ) "पानीको शुद्धिकरण" भन्नाले खानेपानीका लागि आपूर्ति गरिने पानीमा भएका अनाबश्यक रासायनिक, भौतिक र जैबिकप्रदूषक तत्वहरू हटाउने कार्य सम्झनु पर्छ।

ङ) "पानीको प्रशोधन‘"भन्नाले आपूर्ति गरिने खानेपानीको सुद्धिकरणका लागि बिभिन्न किसिमका संयन्त्र, संरचना वा उपकरण प्रयोग गरी खानेपानीलाई सुरक्षित बनाउन अवलम्बन गरिने विधिसम्झनु पर्छ।

च) "फोहरपानी" (Wastewater) भन्नाले खानेपानीको घरेलु, सार्वजनिक र संस्थागत उपयोग पश्चात् निस्काशन हुने मानव मलमुत्र सहित वा रहित फोहरपानी सम्झनु पर्छ र सो शव्दले सो सँगै मिसिएर आउने बर्षातको पानी समेतलाई जनाउछ ।

छ)"दिसाजन्य लेदो" (Faecal sludge) भन्नाले शौचालय, सेप्टिक ट्याङ्क वा त्यस्तै अन्य संयन्त्रबाट उत्पन्न मानवमलमुत्रजन्यफोहोरसम्झनुपर्छ।

ज)"दिसाजन्य लेदो व्यवस्थापन" (Faecal Sludge Management) ) भन्नाले मानवमलमुत्रको सेप्टिकट्याङ्क वा त्यस्तै अन्य संयन्त्रमा स्थलगतसञ्चय, आवधिक संकलन, ढुवानी एवं सुरक्षित विसर्जन वा पुनर्उपयोगलाई सम्झनुपर्छ।

झ) "फोहरपानीको प्रशोधन‘" भन्नाले घरायसी वा औद्यगिक फोहरपानीलाई आबश्यक विधि वा संयन्त्र अवलम्बन गरी प्रकृतिमा बिसर्जन वा पुनर्प्रयोगमा ल्याउन योग्य बनाउने कार्य सम्झनु पर्छ।

ञ) "शौचालय‘" भन्नाले शौच कार्यका लागि निर्मित संरचनालाई बुझाउँदछ।

ठ)"ढल आयोजना वा प्रणाली" भन्नाले मानव मलमुत्र सहित वा रहितको फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणालीवाट संकलन र स्थानान्तरण एवं प्रशोधन गर्ने आयोजना वा प्रणालीलाई सम्झनुपर्छ।

ढ)"‘उपयोगकर्ता(मैत्री खानेपानी सरसफाइ सेवा र सुबिधा)" भन्नाले त्यस्तो सेवा वा सुबिधा उपयोगकर्ताको लैङ्गिकता, उमेर समुह वा शारिरिक अबस्था वा क्षेमता अनुरुप हुनेगरी प्रबन्ध गरिएको खानेपानी सरसफाइ सेवा वा सुबिधालाई बुझाउँदछ। साथै, सार्बजनिक स्थानहरूमा प्रबन्ध गरिने खानेपानी सरसफाइ सेवा तथा सुबिधाहरू उपयोगकर्ता(मैत्री हुनु पर्ने पनि स्वतस् बुझिनु पर्दछ।

## ३. नेपालको सन्दर्भ

नेपालमा परम्परागत रुपमा कुंवा, पंधेरो बनाई पानी ख्वाउनु पुण्यको बिषय मानिएकाले धेरै स्थानहरुमा मानिसहरुले आफ्नो कीर्ति स्थापना र धर्म आर्जनका लागि पानीका संरचनाहरुको निर्माण गरेका छन् । तर, नेपालमा व्यवस्थित रुपमा पाइपलाइन बिछ्याई धाराहरुको माध्यमद्वारा पानी आपूर्ति गर्ने कार्यको थालनी बीर समशेरले काठमाडौंमा वीर धाराको निर्माण गराई शुरु गरेका थिए । यो आयोजना सन् १८९४मा सम्पन्न भएको थियो । तत्पश्चात मोफसलका प्रमुख बस्तिहरुमा खानेपानी प्रणालीहरुको निर्माण भएको थियो ।

बिगतका केहि दशकमा यस क्षेत्रमा धेरै लगानी भएको र सो अनुरुप नै देश भरि नै उपलब्धिहरु पनि हासिल भएका छन् । हाल नब्बे प्रतिशत भन्दा बढी जनतालाई खानेपानी सुबिधा उपलब्ध भएको तथ्याङ्कले देखाउँछ भने, सबै घरधुरीहरूमा चर्पी निर्माण भई नेपाल दक्षिण एसिया मै खुला दिसा मुक्त घोषणा गरिएको पहिलो मुलुकका रूपमा दर्ज भएको छ। खानेपानी तथा सरसफाइ सेवा अन्तरराष्ट्रिय रुपमै प्राथमिकताको क्षेत्र भएको हुंदा यस क्षेत्रमा पर्याप्त विदेशी ( द्वीपक्षीय र वहुपक्षीय ) सहायता समेत प्राप्त भएको छ । तथापी नेपालमा खानेपानी सेवा उपलव्ध भएका कतिपय ठाउँमा चाहिने जति र चाहिएको समयमा पानी आउदैन । जे जति र जुन समयमा आउँछ , त्यो साधारणतया शुद्धीकरणको प्रक्रृया मुताबिक प्रशोधन गरिएको हुँदैन

## ४. वर्तमान अवस्था

नेपालमा बिगतका तीन दशकमा खानेपानी तथा सरसफाइको क्षेत्रमा उल्लेख्य सुधार भएको छ । अन्तर राष्ट्रिय खानेपानी तथा सरसफाइ दशकको समाप्ती ताका, सन् १९९० मा खानेपानी तर्फ जम्मा सैंतिस प्रतिशत र सरसफाइ क्षेत्रमा करीब छ प्रतिशत मात्र पहुँच (Access) भएकोमा, हाल सो संख्यामा उल्लेख्य सुधआर आएता पनि सुगम पहूंच, निरन्तर उपलब्धता र गुणस्तरको विषयमा भने अझै समस्याहरु रहेका छन् ।

आयोजनाहरुको दिगोपन सम्बन्धमा एनएमआइपीको तथ्याँक ( सन् २०१४ को) अनुसार २५ प्रतिशत आयोजनाहरुले मात्र राम्रो संग काम गरी रहेको र ३६ प्रतिशत आयोजनाहरुलाई सामान्य मर्मत सुधार आवश्यक छ । तर ३९ प्रतिशत आयोजनालाई भने ठूलो मर्मत वा पुननिर्माण गर्नु आवश्यक पर्ने देखाएको छ । यसले सुरक्षित खानेपानीको सुनिश्चितता र दिगोपनामा ठूलो चुनौती थपेको छ ।

अझै सन २०८७ सम्मको प्रक्षेपित .........प्रतिशत जनसंख्यालाई फोहर पानी र दिसाजन्य लेदो विसर्जजको समस्या पनि भयावह देखिन्छ । यसतर्फ दिर्घकालिन सोच र तत् अनुरुपका कार्यक्रमहरु यथाशिघ्र सञ्चालन गर्नु आवश्यक छ ।

खानेपानी तथा सरसफाइ क्षेत्रको बिकासमा हाल तिनवटा प्रमुख नीतिगत दस्ताबेजहरु प्रभावकारी देखिएका छन् (१) ग्रामिण खानेपानी तथा सरसफाइ नीति २०६० २) सहरी खानेपानी तथा सरसफाइ नीति २०६६ र (३) राष्ट्रिय खानेपानी तथा सरसफाइ गुरुयोजना २०६८

यी मध्ये ग्रामिण खानेपानी तथा सरसफाइ नीतिले मूलतः सेवामा आधारभूत पहुँचको बिषयलाई जोड दिएको छ भने शहरी खानेपानी तथा सरसफाइ नीतिका बिषयहरु गुणतरीय खानेपानी सेवा तर्फ परिलक्षित छन् । यस नीतिका कतिपय प्रावधानहरु उपयुक्त संस्थागत संरचना र कार्यक्रमको अभावमा प्रभावकारी हुन सकेको देखिन्न । यस नीतिमा फोहोर पानी ब्यबस्थापनको बिषय समेत समाबिष्ट छैन । खानेपानी तथा सरसफाइ गुरुयोजनाले पनि अधिकांशतः आधारभूत सरसफाइका बिषयहरुलाई संबोधन गरेको छ, नेपालमा खुला दिसा मुक्त अभियानको सफलतामा यस नीतिको उल्लेख्य योगदान रहेको छ ।

खानेपानी तथा सरसफाइ क्षेत्रसंग सम्बन्धित अन्य नीतिहरु र तिनको प्रभाव निम्न अनुसार रहेको छ ः

जलस्रोत ऐन २०४९ ले सबै प्रकारका जलस्रोतलाई राष्ट्रियस्रोतको रुपमा मानेको र उपयोगको प्राथमिकतामा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरेको भएता पनि व्यवहारिक रुपमा यी बिषयहरुको प्रभावकारी कार्यान्वयन तर्फ अझै समस्याहरु रहेका छन् । स्थानीय रुपमा स्रोत माथिको अधिकार दावी गर्ने र प्रतिस्पर्धात्मक उपयोगका बिषयमा समेत एकीकृत जलस्रोत व्यवस्थापन (Integrated Water Resources Management) को अभावमा ऐनले तोके अनुसारको प्राथमिकता प्राप्त गर्न कठिन हुंदै गएको छ । परिवर्तित शासकीय व्यवस्थामा यी बिषयहरु अझै चुनौतिपूर्ण हुंदै जाने छन् ।
जलश्रोत रणनीति २०५९ र राष्ट्रिय जल योजना २००२ ले तोकेको खानेपानी तथा सरसफाइका लक्ष्यहरुमा पूर्णरुपमा सफलता हासिल नभए पनि उल्लेख्य प्रगति भएका छन् । यीनमा उठाइएका योजना तर्जुमा, गुणस्तर जस्ता बिषयहरु अझै पनि सान्दर्भिक देखिएका छन् भने लामो समय व्यतीत भै सकेको हुंदा रणनीति र योजना एवं तिनका उपलब्धी बारे बिश्लेषण गरी आगामी लक्ष्यहरु सम्बन्धमा स्पष्ट हुन आवश्यक देखिएको छ । हालै मात्र जारी गरिएको जलश्रोत नीति २०७७ ले देशमा उपलब्ध जलश्रोतको संरक्षण, सम्बर्धन र बहुउपयोगी बिकास एवम् दिगो रुपमा उपयोग गरि आर्थिक सम्बृद्धि र सामाजिक रुपान्तरणका लागि योगदान पुर्याउने परिकल्पना गरेको छ ।

यस्तै जलवायु परिवर्तन नीति २०६७ ले पानीको संरक्षणका आवश्यकतालाई आत्मसात गर्दै मुहान संरक्षण, वर्षातको पानी संकलन एवम् पर्यावरणीय सरसफाइ जस्ता उपायहरु अवलम्बन गर्ने तर्फ जोड दिएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले स्वास्थ्य क्षेत्रमा बिततमा भएको प्रगति उल्लेख गरि, यी दुई दशकमा पानी जन्य रोगमा उल्लेख्य कमी भएको देखाएको छ । सो अवधिमा बाल मृत्यु दर प्रति हजार १०७ बाट ४६ मा झरेको, ५ वर्ष मुनिका बालबालिकाको मृत्यु दर १९७ बाट ५४ मा झरेको, सरदर आयु

५३ बर्ष बाट बढेर ६८.८ मा पुगेको जस्ता सूचकहरुको आधारमा खानेपानी तथा सरसफाइ क्षेत्रले स्वास्थ्य क्षेत्रमा अनुकूल प्रभाव परेको देखिएको छ । साथै, उपर्युक्त स्वास्थ्य नीतिले खानेपानी लगायत अन्य सम्बन्धित क्षेत्रहरुसंग समन्वय गरि कार्ययोजनाहरु लागू गर्ने बिषय उल्लेख गरेको छ । यसर्थः यस नीतिले समेत स्वास्थ्य लगायत अन्य क्षेत्रहरु संग समेत समन्वय गरि कार्यक्रमहरु संचालन गर्नु पर्ने बिषयलाई जोड दिएको छ । स्वास्थ्य निती २०७६ ले संघिय संरचनामा सबै बर्ग नागरिकका लागि सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालिको बिकास र विस्तार गर्दै गुणस्तरीय सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने उद्देश्य लिएको छ । यसको लागि सिमान्तकृत वर्गलाई समेट्दै सबै तहका स्वास्थ्य संस्थाबाट पर्दान गरिने सेवाहरुको गुणस्तरमा सुधार गर्दै सेवाको पहुँच बढाउनका लागि निजी क्षेत्र तथा गैर सरकारी संघ संस्थासंग सहकार्य गर्ने कार्यनिती लिएको छ ।

यसको साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ऐनले संविधानको अनुसूची ९ मा रहेका संघ, प्रदेश र स्थानीय सरकारको अधिकारको साझा सूचीको विषयलाइ निक्षेपणको माध्यमबाट स्थानीय सरकारलाई प्रदान गरेको छ । जसमा खानेपानीको गुणस्तर नियन्त्रण,सरसफाइ सचेतनाको अभिवृद्धि, स्थानीय वातावरण संरक्षण, स्थानीय सरसफाइ तथा फोहरमैला व्यवस्थापन, स्थानीय खानेपानी सम्बन्धी नीति, कानून , मापदण्ड, योजना कार्यन्वयन र नियमन, खानेपानी महसुल निर्धारण तथा खानेपानी सेवा व्यवस्थापन र जलाधार संरक्षण एवं पानीको मुहानको संरक्षण जस्ता विषयहरु पर्दछन् ।
उल्लेखित नीतिगत एवम् कानूनी व्यवस्थाको कार्यान्वियनबाट खानपानी अन्तर्गतका क्षेत्रगत विषयहरूमा राज्यले धेरै उपलब्धिहरू हासिल गरेको छ । परिवर्तित सन्दर्भमा खानेपानी सेवालाई अझ व्यवस्थीत गरी संविधानको मर्म अनुरुप सबै आम जनसमुदायलाई स्वच्छ खानेपानी तथा सरसफाई सेवा पर्याप्त मात्रामा उपलव्ध गराउन खानेपानी सेवाको व्यवस्थापन तथा नियमनको लागि मार्गदर्शन गर्ने एकीकृत खानेपानी तथा सरसफाइ राष्ट्रिय नीतिको आवश्यकता नीतिको खाँचो महसुस गरिएको छ ।

## ४. सबल, कमजोर पक्ष, अवसर तथा चुनौतिहरु

उल्लेखित सन्दर्भमा यस क्षेत्रका प्रमुख सबल, कमजोर पक्षहरु तथा संभावना र चुनौतिहरु निम्न पाईएको छन्ः

**सबल पक्षहरु**

क) क्षेत्रगत नीतिहरु सुस्पष्ट रहेका छन् । तीनको सफल कार्यान्वयनले नीतिहरुको समय सापेक्षिक सान्दर्भिकता र सबलताको पुष्टि गरेको छ ।

ख) आधारभूत सेवा प्राप्त गर्ने जनसंख्याको प्रतिशत उच्च रहेकाले यो क्षेत्र समष्टिमा बलियो जगमा उभिएको छ ।

ग) यस क्षेत्रले पार्ने प्रभाव र नतिजाहरुको स्पष्ट रुपमा मापन गर्न सकिने भएबाट क्षेत्रलाई राष्ट्रिय र अन्तरराष्ट्रिय समर्थन प्राप्त छ । दिगो बिकास लक्ष्यमा प्रमुखता पाएको छ ।

घ) यस क्षेत्रका कार्यक्रमहरुमा उल्लेख्य जनसमर्थन, र जनसहभागिता र निजी क्षेत्रको सकारात्मक सोच प्राप्त छ ।

ङ) खानेपानीलाई तिनै तहको दायित्व भित्र राखिएकोले तिनै तहबाट सकारात्मक पहल र प्रयासहरु भई रहेका छन् ।

**कमजोर पक्षहरु**

क) अधिकांश जनसंख्यालाई आधारभूत स्तरको सेवा मात्र उपलब्ध छ सेवा निरन्तरता र गुणस्तरमा समस्या छन् ।

ख) निर्माण सम्पन्न भएका आयोजनाहरुको संचालन दक्षता (Operation Effciency) कमजोर भएको कारणले गर्दा छ अब योजनाको दिगोपन आफैमा चुनौतीपूर्ण छ ।

ग) यस क्षेत्रमा धेरै संस्थाहरु काम गर्ने भएकाले काममा दोहोरोपना छ ।

घ) ज्ञान ब्यबस्थापन (Knowledge Management), अनुसन्धान तथा सूचना ब्यबस्थापन कमजोर छ, ।

ङ) अन्तर्राष्ट्रिय जगतबाट बिगतमा यस क्षेत्रमा प्रशस्त प्राविधिक एबम वित्तीय सहयोग प्राप्त गरिएको भएतापनि त्यसबाट प्राप्त उपलब्धीहरुको चुस्त र प्रभावकारी तथ्याङ्क आधार एबम सूचना प्रणालीको अभावमा प्रतिवेदन फितलो र विश्वसनीय हुन नसक्दा थप बाह्य सहयोग आकर्षित गर्नकठिनाई हुँदै गएको छ।

च) ढल व्यवस्थापनका सन्दर्भमा तुलनात्मक रुपमा बढि लागत आवश्यक पर्नाले पर्याप्त बजेटको अभावमा आयोजनाहरु समयमा सम्पन्न गर्न कठिनाइ छ ।

छ) शहरी घना वस्ती विकास भई सकेपछि ढल प्रणाली तर्फ सोच बनाउने परिपाटीका कारण प्रशोधन प्रणाली निर्माणकालागि जग्गा उपलब्धीमा कठिनाइ उत्पन्न भएको छ।

ज) ढलप्रणालीको विकास र व्यवस्थापनमा संस्थागत क्षमता एवम् अनुभवको कमि आदि जस्ता समस्या विद्यमान छन् ।

**अवसरहरु**

क) दिगो बिकासका लक्ष्‍यहरु (Sustainable Development goal) को लक्ष्य ६ अन्तर्गत क्षेत्रगत लक्ष्‍यहरु निर्धारण गरिएको हुंदा यो क्षेत्रले राष्ट्रिय र अन्तरराष्ट्रिय महत्व प्राप्त गरेको छ ।

ख) बढ्दो सहरीकरण र सुधार भई रहेको जीवन शैलीले गर्दा उच्चस्तरीय खानेपानी तथा सरसफाइ सेवाहरुको मांगमा दिनानुदिन वृद्धि भै रहेको छ ।

ग) फोहोरपानी ब्यबस्थापनको क्षेत्र अछुतो जस्तै रहेको हुंदा यस तर्फ थुप्रै कार्यहरु गर्न सकिने संभावना छ ।

घ) कार्यक्रमहरु संचालनका लागि बिभिन्न प्राबिधिक तथा आर्थिक मोडेलहरु उपलब्ध छन् । जनस्तर तथा निजी क्षेत्रबाट पनि लगानी हुने अवसर तथा संभावनाहरु प्राप्त छन् ।

ङ) विभिन्न राष्ट्रिय र अन्तरराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको भूमिका प्रशंसनीय र सकारात्मक रहेको छ।

च) खानेपानी बैंक तथा खानेपानी बीमा जस्ता बिषयहरु खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाहरुबाट चासो देखाउन थालिएको छ ।

छ) स्वस्थर स्वच्छ वाताबरणमा बाँच्न पाउने र पिडितले प्रदूषकबाट क्षेतिपूर्तिको संवैधानिक प्रत्याभूतिले विशेषगरी शहरी वाताबरणलाई मानव (मलमूत्रजन्य लगायत फोहरबाट जोगाउन सरोकारवालाहरूलाई नैतिक दायित्व एबम दबावको सिर्जना भएको छ।

ज) खानेपानी सेवाप्रदायक संस्थाहरूमा सहकारी शैली, अतिरिक्त व्यवसायिक संभावनाहरूको खोजी तथा व्यवसायिक योजना बनाई अघि बढने क्रम र आकर्षण बढ्दो क्रममा रहेको।

झ) पहल र प्रयास गर्न सकिएमा दिगो विकास र वातावरण संरक्षण लक्षित अन्तर्राष्ट्रिय वित्तीय सहयोग संयन्त्रहरूको सहयोग प्राप्त गर्न सकिने संभावनाहरु यथेष्ट रहेका छन्।

<u>चुनौतिहरु</u>

क) जलाधार क्षेत्रहरु र जलसम्पदाहरुमा प्रदुषण बढ्दै गएको छ । जलवायु परिवर्तन लगाएतका कारणहरुवाट स्रोतहरुको बहावमा परिवर्तन आएको छ । यीनै कारणहरुबाट खानेपानीको आपूर्ति र गुणस्तर कायम राख्न थप चुनौतिहरु श्रृजना भएका छन् ।

ख) बढ्दो सहरीकरणका कारण सहरी क्षेत्रहरुमा आपूर्तिको चाप बढेको भएता पनि ग्रामिण क्षेत्रमा संरचनाहरुबाट अपेक्षित जनसंख्या लाभान्वित हुन सकेका छैनन् ।

ग) खानेपानी तथा सरसफाइ क्षेत्रमा स्थानीय निकायहरुको भूमिका बढ्दै जाने परिपे्रक्षमा, यी निकायहरुमा दक्ष जनशक्ति र संस्थागत क्षमताको अभाव हुन सक्ने जोखिम देखिन्छ ।

घ) केन्द्रीय समन्वयको उचित अभावमा सेवाको गुणस्तरीय बिकासका साथै दिगो बिकासका लक्ष्य अन्तर्गत तोकिएका विषयहरु प्राप्त गर्न पूंजिगत परिचालनमा समस्या पर्ने देखिन्छ ।

ङ) सबै नागरिकलाई सुरक्षित व्यवस्थापन गरिएको खानेपानी उपलव्ध गराउन देशको लागि ठूलो लगानी आवश्यक छ ।

च) 'खासस्व' (WASH) क्षेत्रगत लक्ष्य हासिल गर्ने तर्फका प्रतिवद्धताहरु अनुरुप नेपाली जनताको बढ्दो आकाक्षा पूरा गर्न हालको क्षेत्रगत लगानीको तुलनामा निक्कै गुणा श्रोत(साधन) जुटाउनु पर्ने अपरिहार्यता छ। प्रभावकारी क्षेत्रगत तथ्याङ्क आधार सहितको सूचना व्यबस्थापन र प्रतिवेदनप्रणालीको अभावमा त्यस्तो बाह्य सहयोग जुटाउनु चुनौतीपूर्ण देखिन्छ।

छ) ढल व्यवस्थापन कार्यले सरोकारवालाहरूबाट यथोचित महत्व एव प्राथमिकता नपाउनु, ढल निर्माण तथा प्रशोधन कार्यक्रम राष्ट्रिय योजना आयोगको दोस्रो प्राथममिकता प्राप्त आयोजना( P2) श्रेणीमा पर्नु जस्ता चुनौति पनि अहम छन्।

## ५. नयाँ खानेपानी तथा सरसफाइ राष्ट्रिय नीतिको आवश्यकता र औचित्य

खानेपानी र सरसफाइको विषयमा तर्जुमा भएका विभिन्न नीतिहरुले यस क्षेत्रमा अपेक्षाकृत राम्रै र सुखद परिणाम दिएका छन् । यी नीतिकै आधारमा हालका ग्रामीण, सहरी र सामुदायिक लगायतका खानेपानी आयोजना संचालनमा छन्। नेपालको समग्र विकासकाअन्य सूचकहरुको तुलनामा यस क्षेत्रको प्रगति उल्लेख्य भन्न नमिलेपनि चित्त बुझाउन सकिने स्तरको छ। विशेषतः विद्यमान ग्रामीण

खानेपानी तथा सरसफाइ नीतिले ग्रामीण परिवेशलाई संवोधन गरेको र शहरी खानेपानी नीतिले शहरी क्षेत्रलाई समेटेको हुंदा यी दुवैलाई सम्मिश्रण र एकीकरण गरी सिंगो राष्ट्रिय नीति निर्माण गर्ने आवश्यकता महसुस भएको छ । तत्कालीन एकात्मक प्रणाली अनुरुप तयार गरिएका नीतिहरुलाई परिमार्जन र एकिकरण गरी हाल अंगिकार गरिएको संघीय प्रणालीलाई संवोधन गर्दै नयां नीति तर्जुमा गर्नु पर्नाको आधार र कारण देहाय बमोजिम रहेका छन् ।

क० नेपालको संविधानको धारा ३५ को उपधारा (४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरिएको छ । संविधानको यस प्रावधानले नेपाली नागरिकलाई स्वच्छ खानीपानीको हक प्राप्त भएको हुंदा राज्यले अबिलम्ब कानुन बनाई सोही कानुन अनुरुप सेवा व्यवस्थापन गर्नु आवश्यक छ ।

ख० विकासका दृष्टिले पछाडि परेका समुदाय र क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण मैत्री, गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्ने नीति संविधानले लिएको हुँदा सोही नीतिलाई संवोधन गर्नेगरी नयां नीति तर्जुमा गर्नु जरुरी देखिएको छ ।

ग० संविधानले वातावरण प्रदुषण गर्नेले सो वापत दायित्व व्यहोर्नु पर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी र पूर्व सुचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने नीति लिएको छ । भौतिक विकासको साथै प्राकृतिक साधन स्रोतको उचित व्यवस्थापन र संरक्षणसमेतलाई सम्बोधन गर्न नयां राष्ट्रीय नीतिको आवश्यकता महसुस गरिएको छ ।

घ० जलवायु परिवर्तनको कारण वातावरणमा नकारात्मक परिवर्तन आएको छ । विश्वव्यापी उष्णीकरण ( Global Warming) का परिणाम स्वरुप हिमालमा हिउंको मात्रा घट्दै गएको छ,बर्षाको स्वरुपमा परिवर्तन आएको छ, पानीका मूलहरु सुक्दै छन् र पानीको गुणस्तर कायम राख्न तथा प्रकोपहरुको व्यवस्थापन गर्नमा थप जटिलताहरु उत्पन्न भएका छन्। यसले गर्दा भूमिगत जलस्रोतमा पनि प्रतिकूल असर पर्दै छ भने श्रोतको दोहनमाको काममा झन वृद्धि भइरहेकोछ । यी सबै कुरालाई दृष्टिगत गरी समयको चुनौतीलाई संवोधन गर्ने नयां नीति अपरिहार्य भएको छ ।

ङ० संविधानको अनुसूची ५ मा जलस्रोतको संरक्षण र बहु आयामिक उपयोग र अनुसूची ९ साझा अधिकारका विषयमा संघले बनाएको कानूनसंग बाझिने गरी प्रदेश र स्थानीय सरकारले कानून बनाउन नपाउने व्यवस्था छ । तसर्थ संघले बनाएको राष्ट्रिय नीतिसंघ, प्रदेश र स्थानीय सरकारलाई समान रुपमा लागू हुने र सबैले सम्मान र कार्यन्वयन गर्नेगरी राष्ट्रीय नीति तर्जुमा गर्नु आवश्यक देखिएको छ ।

च० संविधानको अनुसूचीको एकल र साझा अधिकारको सूचीअनुरुप मा उल्लेख भएका विषयलाई विस्तृतिकरणगरी नेपाल सरकारले सो सम्बन्धी प्रतिवेदन स्वीकृत गरेको छ ( २०७३ – १० – १८ ) जसमा जलवायु परिवर्तन र अनुकुलन, खानेपानी, सरसफाइ तथा स्वच्छता, केन्द्रीय स्तरका ठूला र अन्तरप्रादेशिक खानेपानी आयोजना सञ्चालन, प्रशोधन समेतका बृहत ढल व्यवस्थापन, खानेपानीको गुणस्तरको मापदण्ड निर्धारण, लगायतका सहितको पूर्वाधार निर्माण, विकास निर्माण प्रक्रियामा निजी क्षेत्र र स्थानीय जनसहभागिता अभिवृद्धि, अन्तर प्रादेशिक साझेदारीमा समन्वय र सहकार्य जस्ता अधिकारहरु संघले प्रयोग गर्ने गरी निर्धारण गरिएको देखिन्छ । यी सबै कुरालाई बिषयलाई सम्बोधन गर्न एक राष्ट्रिय नीतिको आवश्यकता महसुस गरिएको छ ।

छ० संघ प्रदेश र स्थानीय सरकार बीच राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरुवीच समन्वय गर्नुपर्ने अवस्थामा नेपाल सरकारले प्रदेश मन्त्रिपरिषदलाई निर्देशन दिन सक्छ र सो को पालना गर्नु उसको कर्तव्य हुन्छ (संविधानको धारा २३२) । खानेपानी र सरसफाइ सम्बन्धी विषय प्राथमिक राष्ट्रिय महत्वको क्षेत्र रहेको हुँदा यस सम्बन्धमा एक साझा राष्ट्रीय नीति बनाई संघीय प्रणालीलाई सवल र दिगो बनाउन आवश्यक छ ।

ज० हाल खानेपानी र सरसफाइ सम्बन्धी विभिन्न कानूनहरु अस्तित्वमा छन् । ती कानूनको स्थानमा संघीय पद्धति सुहाउंदो एकीकृत ऐन बनाउने सम्बन्धमा समेत एक राष्ट्रीय नीति जरुरी देखिएको छ । नेपालमा खानेपानी तथा सरसफाई सेवा, खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाहरुबाट उपलब्ध गराईएको छ । बढ्दो जनसंख्याले गर्दा खानेपानी तथा सरसफाई सेवाको माग दिनानुदिन बढ्दै गईरहेको छ । खानेपानी सेवालाई चुस्त बनाउन हाल खानेपानी तथा सरसफाई आयोजनाको बर्गीकरण तथा खानेपानी उपभोक्ता तथा सरसफाई समितीहरुको क्षमता अभिबृद्धिकरण गर्नु आवश्यक देखिएको छ । परम्परागत सोच र परिपाटिबाट आधुनिक प्रबिधि र अभ्यासहरुको संचालन को लागि समेत यो नीतिको उपयोगिता महसूस गरिएको छ ।

झ० खानेपानी क्षेत्रमा बिभिन्न क्षेत्रबाट बिभिद कृयाकलापहरु भई रहेका छन् । यस्ता प्रयासहरुलाई एकतृत गर्न बिगतमा खानेपानी तथा सरसफाई गुरुयोजनाबाट शुरुवात गरिएतापनी यसबारे आधिकारिक तथा भरपर्दो सूचना र तथ्यांकको अभावले गर्दा अपेक्षित सफलता भने हासिल गर्न नसकिएको र अहिले खानेपानी मन्त्रालयले खानेपानी, सरसफाई तथा स्वच्छताको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्दै आईरहेको परिप्रेक्ष्यमा एककृत तथ्यांक तथा सूचना व्यवस्थापन गर्ने समेत यस नीतिबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## परिच्छेद ख

## खानेपानी तथा सरसफाइ राष्ट्रिय नीति

**प्रस्तावना**

स्वस्थ मानव जीवनको लागि स्वच्छ र पर्याप्त खानेपानीको आवश्यकता पर्दछ । त्यसैले स्वच्छ र सहज खानेपानी र सरसफाइमा पहुँच मानवको जन्मसिद्ध अधिकार हो र त्यस्तो सुविधा उपलब्ध गराउनु राज्यको दायित्व हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ ।

हालसम्म यस क्षेत्रको प्रमुख नीतिगत उद्देश्य, सबै देशवासीलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने रहेतापनी नेपाली जनताको जीवनशैलीमा आएको परिवर्तन, जनसंख्या वृद्धि, बढ्दो शहरीकरण र अन्तर्राष्ट्रिय प्रतिवद्धता समेत पुरा गर्न नयां शैली र नंया गतिमा कार्यसम्पादन गर्नु आवश्यक छ। एकातिर जनताको बढ्दो आकांक्षा पूरा गर्न पर्याप्त र स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्ने अवश्यकता छ भने अर्को तर्फ सुक्दै गएका खानेपानीका स्रोतहरुको संरक्षण, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र सक्षम सेवा प्रवाहको चुनौती छ ।

अहिले मुलुक एकात्मक शासकीय स्वरुपबाट संघीय प्रणालीमा प्रवेश गरेको छ । प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको अधिकारलाई मौलिक हकको रुपमा आत्मसात गर्ने संबैधानिक व्यवस्थाले राज्यको जिम्मेवारीलाई अझै विस्तारित, परिभाषित र उत्तरदायित्वपूर्ण बनाएको छ । खानेपानी, सरसफाइ तथा स्वच्छता विषय संविधान प्रदत्त प्राथमिक राष्ट्रिय महत्वको क्षेत्र रहेको हुँदा यस सम्बन्धमा एक साझा राष्ट्रीय नीति बनाई संघीय प्रणालीलाई सवल र दिगो बनाउन अहिलेको संस्थागत व्यवस्थालाई पुनर्संरचना गरी कार्यशैली, प्रविधि, विज्ञता र क्षमतालाई अझ उन्नत र विकसित बनाउनु आवश्यक छ । यसको साथै सेवाको स्तरीयता, गुणस्तरीयता तथा भरपर्दो सेवाको सुनिश्चितताको लागि प्रदेश र विशेसतः खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रवाह् गर्ने प्रत्यक्ष जिम्मेवारी प्राप्त स्थानीय सरकारलाई संघिय नीति नियमको माध्यमबाट मार्गदर्शनको लागि समेत संघिय नीति अपरिहार्य भएको छ । उपर्युक्त परिप्रेक्षमा समय सुहाउंदो नवीन नीतिको आवश्यकता महसुस गरी यो नीति तयार गरिएको हो । यस नीतिको माध्यमबाट देशमा खानेपानी तथा सरसफाइ क्षेत्रमा अपेक्षित प्रगति हासिल भई नेपाली जनतालाई स्वच्छ खानेपानी, तथा सरसफाइ तथा स्वच्छताको सुविधा प्राप्त हुने विश्वास लिइएको छ । साथै संविधानले लक्षित गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने पुनीत उद्देश्यमा सफलता प्राप्त गर्न यो नीति सहायक हुने अपेक्षा गरिएको छ ।

### १.दूरदृष्टि ( VISI0N )

स्वच्छ, सुलभ, सहज खानेपानी तथा सरसफाइ सेवाको माध्यमबाट स्वच्छ र समृद्ध समाज तथा प्रदुषणमुक्त वातावरण निर्माण गर्ने ।

### २. लक्ष्य - Goal :

क) नेपालको संविधानमा व्यवस्था भए अनुरुप प्रत्येक नेपाली नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित् गर्दै दिगो विकासका लक्ष्य हासिल गर्नु गर्ने ।

ख) खानेपानी तथा सरसफाइ सेवाको गुणस्तरमा निरन्तर सुधार गर्दै सन् २०३० सम्ममा नेपाली नागरिकलाई दिगो विकासका लक्ष्य अनुरुपको सेवा उपलब्ध गराउने ।

ग) समन्वयात्मक प्रयासहरुको माध्यमबाट खानेपानीका स्रोतहरुको संरक्षण र संबर्धन गर्नुका साथै बैकल्पिक स्रोतहरुको विकास र विस्तार गर्नेगर्नु ।

घ) खानेपानी तथा सरसफाई क्षेत्रमा नवीनतम प्रबिधि तथा मोडेलहरुको अभ्यासबाट खानेपानी तथा सेवालाई व्यवस्थित, प्रभावकारी र सर्बसुलभ बनाउनु

ङ) मानवद्वारा उत्सर्जित फोहरको समुचित व्यवस्थापनको माध्यमबाट वातावरणीय स्वच्छता कायम गर्नु गर्ने ।

## उद्देश्य १ खानेपानीका मुहानहरुको संरक्षण, विकास र समुचित प्रयोग

सन्दर्भः प्राकृतिक तथा मानवीय क्रियाकलाप सृजित कारणहरुबाट स्वच्छ जलको सहज उपलब्धतामा नकारात्मक असर पर्न थालेको छ ।

यसबाट खानेपानीको आपूर्तिमा समेत प्रतिकूल प्रभाव पर्न सक्ने सम्भावनालाई आत्मसात गर्दै खानेपानीका मुहानहरुको संरक्षण, विकास र समुचित प्रयोगका बिषयहरुलाई प्राथमिकताकासाथ अवलम्बन गरी पानीको निरन्तर उपलब्धता सुनिश्चित गर्ने ।

**१.१ स्रोतहरुको संरक्षण र विकासका कार्यलाई आयोजनाहरुको निर्माण र संचालनसंग आवद्ध गरी आयोजनाको अभिन्न अंगको रुपमा संचालन गरिने छ ।**

*१.१ संग सम्बन्धित–स्रोत संरक्षण सम्बन्धी रणनीतिहरु*

*क)स्रोतहरुको विकास, उपयोग, भौतिक संरक्षण र गुणस्तर सुधार सम्बन्धी कानूनी व्यबस्था गरिने छ ।*

*ख)नियमित रुपमा स्रोतहरुको बहाव मापन र गुणस्तर परीक्षण गरी तथ्याङ्क व्यबस्थापन गरिने छ ।*

*ग)स्रोत संरक्षण र व्यवस्थापनका कार्यहरु बिपद व्यबस्थापनका लागि अनुकूल र वातावरणमैत्री बनाइने छ ।*

*घ) श्रोत वरीपरी हरियाली कायम गरी श्रोत परिसरलाई प्रदुषणमुक्त बनाउने छ ।*

**१.२ ठूला सहरी क्षेत्रमा खानेपानी आपूर्ती गर्न जलाधारहरुको पहिचान गरी यस्ता क्षेत्रहरुको बिशेष संरक्षण र विकास गरिने छ ।**

*१.२ संग सम्बन्धित – सहरी खानेपानी सम्बन्धी रणनीतिहरु*

*क) शहरी तथा संवेदनशील क्षेत्रहरुमा भूमिगत पानीको प्रयोगको अनुगमन तथा नियमन गरिने छ ।*

*ख) सतह तथा भूमिगत स्रोतहरुमा प्रदूषण नियन्त्रणका लागि कानूनी व्यवस्था सहित प्रदुषण नियन्त्रणका उपायहरुको अबलम्बन गरिने छ*

*ग)मांग व्यवस्थापन Demand Management लाई प्रोत्साहित गर्दै आपूर्तिमा सुधार गर्ने उपायहरुको अवलम्बन गरिनेछ । सो को लागि आवश्यक जनचेतनामूलक र कार्यक्रमहरु संचालन गरिने छ ।*

*घ) खानेपानी क्षेत्रमा संघबाट प्राप्त रकमको तोकिएको प्रतिशत बमोजिमको रकम स्थानीय सरकारले स्रोतहरुको संरक्षणका लागि खर्च गर्नुपर्ने व्यवस्था मिलाइने छ ।*

*ङ) पानीको प्रयोग सम्बन्धी अधिकारहरुको स्पष्ट व्यबस्था गरिने छ ।*

**१.३ भूमिगत पानीको पुनर्भरण गर्ने उपायहरु र प्रबिधिको विकास गरिने छ ।**

*१.३ संग सम्बन्धित रणनीतिहरु –भूमिगत पानी पूनर्भरण सम्बन्धी*

*क)भूमिगत पानी पुनर्भरणका लागि ग्रामीण क्षेत्रहरुमा पुनर्भरण पोखरीहरु ) Recharge Pond (को निर्माण गरिने छ । शहरी क्षेत्रहरुमा पुनर्भरणको कार्यलाई भवन निर्माण संहितासंग आवद्ध गरिने छ ।*

*ख)परम्परागत पानी पोखरी, ढुंगेधारा र मूलहरुको संरक्षण गर्न कार्यक्रमहरु संचालन गरी भौगोलिक र प्राकृतिक स्वरुपको समेत जगेर्ना गरिने छ ।*

*ग) अध्ययन गरी संभाव्य देखिएका स्थानहरुमा भूमिगत जलस्रोत पुनर्भरणका कार्यक्रमहरु संचालन गरिने छ ।*

*ग) भूमिगत पानीको स्वामित्व र प्रयोगबारे कानूनी स्पष्टता कायम गरिने छ ।*

**१.४ जलस्रोतको बहु उपयोग, एकीकृत उपयोग तथा पुनरुपयोगलाई प्रोत्साहन र प्रबर्धन गरिने छ ।**

*१.४ संग सम्बन्धित रणनीतिहरु –पानीको बहु उपयोग, एकीकृत प्रयोग सम्बन्धी*

*क)परम्परागत सिंचाई प्रणालीको दक्षतामा सुधार ) Efficiency Improvement( गरी गार्हस्थ्य प्रयोगको लागि थप पानी प्राप्त गर्न प्रोत्साहन गरिने छ ।*

*ख)जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुनर्उपयोगको संभावनाहरुको पहिचान गरी तदनुरुपका कार्यक्रमहरु संचालन गरिने छ ।*

*ग) बर्षातको पानी संकलन, भण्डारण र बहुप्रयोगलाई प्रोत्साहन गरिने छ ।*

## उद्देश्य २- स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँच

**सन्दर्भः** मानव जीवन यापन, आरोग्य र समृद्धिमा स्वच्छ खानेपानी र सरसफाइको अपरिहार्य भूमिका रहेको र यसलाई नेपालको संविधानले समेत नेपाली नागरिकहरुको मौलिक हकको रुपमा प्रत्याभूत गरेको हुँदा स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको व्यवस्था अविलम्ब गर्नु आवश्यक भएको ।

सबै देशबासीलाई यथाशक्य छिटो समयमा पर्याप्त, स्वच्छ, निरन्तर र सहज पहुँच हुनेगरी सुलभ खानेपानी आपूर्ति र व्यवस्थित सरसफाईको आधारभूत व्यबस्था गर्न सबै संभव प्राविधिक बिकल्पहरुको उपयोग गर्ने ।

**२.१ आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बंचित रहेका समुदायहरुमा खानेपानी तथा सरसफाइ सेवा पु-याउने कार्यक्रमहरुलाई प्राथमिकता दिई संचालन गरिने छ ।**

*२.१ संग सम्बन्धित रणनीतिहरु –आधारभूत सुरक्षित खानेपानी तथा सरसफाई सेवा प्रबन्ध सम्बन्धी*

*क) दिगो विकासका लक्ष्य (Sustainable Development goal) लगायत नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु सम्बन्धी कार्यक्रमहरुको संचालनलाई प्राथमिकता दिइने छ ।*

*ख) नेपाल सरकारको प्रतिबद्धता अनुरुप प्रत्येक नेपालीलाई एक घर एक धारा सुनिश्चित गरिनेछ ।*

*ग) सेवा बिमुख समुदायहरुको पहिचान र नक्शाङ्कन गरि खानेपानी तथा सरसफाई सेवाको सुनिश्चितता गरिने छ ।*

*घ) प्रत्येक घरमा जडान गरिने प्रत्येक धारामा मिटर जडान गरिनेछ। हाल मिटर जडान नभएका धाराहरुमा खानेपानी प्रणालीको दिगोपनको लागि क्रमश मिटर जडान गरिदै लगिनेछ ।*

*ङ) प्रदेश सरकारको सहभागितामा प्रादेशिक र स्थानीय सरकारको सहभागितामा नगरपालिका र गाउँ पालिका स्तरमा खानेपानी तथा सरसफाइ योजनाहरु तर्जुमा गरी कार्यान्वियन गरिने छन् ।*

*च) स्थानीय खानेपानी तथा सरसफाई आयोजनाहरु उपभोक्ताहरुको सक्रिय सहभागितामा तर्जुमा, विकास, निर्माण, संचालन तथा व्यवस्थापन लाई प्रभावकारी बनाई सीमान्तकृत समुदाय, महिला तथा बिपन्न बर्गको सहभागिता सुनिश्चित गर्न जोड दिइनेछ ।*

**२.२ दिगो उपलब्धिका लागि स्थानीय सरकारको सक्रियतालाई प्रभावकारी बनाउदै लाभान्वित समुदायको सहभागितामा आयोजनाहरु निर्माण तथा संचालन गरिने छ ।**

*२.२ संग सम्बन्धित रणनीतिहरु – आधारभूत सुरक्षित खानेपानी तथा सरसफाइ सेवाको लागि स्थानीय सरकारको सक्रियता र योगदान जुटाउने सम्बन्धी व्यवस्था*

*क) संघीय सरकारबाट कार्यान्वियन गरिने आधारभूत खानेपानी सेवा उपलब्ध गराउने आयोजनाहरूमा उपभोक्ता सहकार्यमा कार्यान्वियन गरिने छन् ।*

*ख) आधारभूत स्तरको खानेपानी सेवा प्रदान गर्ने बाहेकका अन्य 'खासस्व' आयोजना निर्माण वा पुनर्निर्माणका लागि लागत सहभागीता र कार्यान्वियन ढाँचा आदि सहित खुलाई छुट्टै निर्देशिका बनाई कार्यान्वियन गरिने छ।*

*ग) प्रदेश सरकारको सहभागितामा प्रादेशिक र स्थानीय सरकारको सहभागितामा नगरपालिका र गाउँपालिका स्तरमा खानेपानीतथा सरसफाइ सम्बन्धी योजनाहरु तर्जुमा गरी नियमित रुपमा अद्यावधिक गरिने छन् ।*

*घ) खानेपानी तथा सरसफाई सेवाको दिगोपन तथा स्तरीयता अभिबृद्दी गर्न स्थानीय सरकारलाई आवश्यक सहयोग तथा सहजिकरण गरिनेछ ।*

*ङ) शहरी बिपन्न बर्गलाई सेवाको मूल प्रवाहबाट लाभान्वित गर्न यस्ता वर्गको पहिचान तथा नक्सांकन गरी स्थानीय सरकारको सहभागितामा प्रतिफलमा आधारित लक्षित अनुदानका कार्यक्रमहरु संचालन गरिने छ ।*

**२.३ पुराना र संचालनमा  समस्या भएका आयोजनाहरुको उचित मर्मत संभार तथा पुनर्स्थापन गरी भरपर्दो सेवाको प्रत्याभूती गरिने छ ।**

*२.३ संग सम्बन्धित रणनीतिहरु– प्रणाली मर्मत एवं दिगोपन*

*क) खानेपानी सेवाको दिगोपनको लागि आयोजनाहरुको नियमित मर्मत संभारको सुनिश्चितता, संचालन तथा व्यवस्थापनमा निश्चित् मापदण्ड र एकरुपता कायम गरिनेछ ।*

*ख) खानेपानी प्रणालीहरुको नियमित मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको सुनिश्चितता गरिनेछ ।*

*ग) सेवा प्रदायक संस्थालाई सेवा सुधार, बिस्तार वा स्तरोनन्तीका लागि सहजिकरण गरिनेछ ।*

*घ) भुकम्प बाढी जस्ता दैवी प्रकोपबाट हुन सक्ने क्षतिको जोखिम न्यूनिकरणका लागि खानेपानी बिमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।*

**२.४ सेवा संचालनमा समयसापेक्ष सुधार गर्न आयोजनाहरुको भौतिक संरचनागत सुधार, आयोजनाको बर्गिकरणका साथै खानेपानी तथा सरसफाई सेवा प्रदायकको क्षमता विकासका कार्यहरुलाई प्रभावकारी रुपमा अघि बढाइने छ ।**

*२.४ संग सम्बन्धित रणनीतिहरु– क्षमता विकास*

*क) खानेपानी आयोजनाहरुको तयारी, विकास, निर्माण तथा व्यवस्थापन र संचालनमा स्थानीय उपभोक्ताहरुको क्षमता विकासका लागि तालिम लगायत बिविध कार्यक्रमहरु संचालन गरिने छ ।*

*ख) आबश्यक तालिम तथा सञ्चालन क्षमता बिना नै आयोजना र प्रणाली सेवा प्रदायकलाई हस्तान्तरण गर्ने अभ्यासलाई सुधार गर्दै हस्तान्तरण पूर्व आबश्यक जनशक्ति र तालिम, जगेडा सामग्री र सञ्चालगि न्यूनतम कोषको सुनिश्चितता गरीने छ।*

*ग) अति दूर्गम भेगका वा खानेपानी तथा सरसफाइ सेवा प्रदायक संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई प्राथमिकतामा राखी तालिम कार्यक्रम संचालन गरिने छ।*

*घ) दूर्गम भेगका सेवा प्रदायक वा खानेपानी तथा सरसफाई सेवा प्रदायक संस्था हरूमा पर्याप्त र सिपयुक्त दक्ष जनशक्तिलाई संस्थामा निरन्तरता कायम राख्ने कार्यमा सहजिकरण गर्दै सो क◌ो लागि जिम्मेवार बनाइने छ ।*

*ङ) खानेपानी सेवा तथा प्रणालीहरुको दिगो सञ्चालन व्यवस्थापन तथा मर्मत संभारका लागि प्राविधिक सेवा तथा सहयोग पु-र्याउनका लागि स्थानीय 'खासस्व' एकाई समेतको सहकार्यमा हरेक पालिका तहमा उपयुक्त जनशक्ति र साधन श्रोत युक्त कम्तिमा एक टेवा तथा सहयोग केन्द्रको स्थापना र सञ्चालनमा सहयोग एबम सहजिकरण गरीनेछ ।*

*च) उपभोक्ता समितिहरुमा समतामूलक प्रतिनिधित्व सुनिश्चित गर्ने र उपभोक्ता समितिहरुको सेवालाई उपभोक्ताहरुप्रति बढी उत्तरदायी बनाउन उपभोक्ता समिति गठन तथा संचालन सम्बन्धी निर्देशिकाहरु तयार गरी लागू गरिने छ ।*

*छ) उपभोक्ता समितिहरुको संगठन, संचालन तथा सेवा प्रवाहको नियमित अनुगमन गर्न स्थानीय तहको क्षमता विकासका कार्यहरु संचालन गरिने छ ।*

*ज) उपभोक्ता समितिहरुलाई सेवा संचालनमा सहयोग पुग्नेगरी बिभिन्न प्रकृतिका प्रणालीहरुलाई सेवा सम्पादन कार्य क्षमताको आधारमा बर्गिकरण गरी को आवश्यक निर्देशिका Manual हरुको विकास गरिने छ ।*

**२.५ खानेपानीको गुणस्तर सुधार कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।**

*२.५ संग सम्बन्धित रणनीतिहरु– गुणस्तर सुधार*

*क) निरोधात्मक उपायहरुको अबलम्बन गरी खानेपानीको गुणस्तर कायम राख्न कार्यक्रमहरु संचालन गरिने छ ।*

*ख) राष्ट्रिय खानेपानी गुणस्तर निर्देशिका तथा कार्यबिधि बमोजिम लक्ष्य प्राप्त गर्ने कार्यलाई प्राथमिकतासाथ संचालन गरिने छ ।*

*ङ) सुरक्षित खानेपानी सेवाको उपयोग सम्बन्धी उपभोक्ता केन्द्रित चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।*

*च) खानेपानीको उत्पादन तथा वितरणसंग सम्बन्धित अन्य निकायहरुसंग समन्वय गरी सबै किसिमको खानेपानी ट्याङ्कर, जार, बोटल आदि)को वितरणमा गुणस्तर सुनिश्चित गर्न आवश्यक सहजीकरण गरिने छ ।*

*छ) ट्याङ्कर, जार, बोटल जस्ता पानी बितरण गर्ने व्यवसायीहरुको सेवा अनुगमन गरिने छ ।*

*ज) सेवा स्तरहरुको मापन गर्ने स्पष्ट आधार र विधि सहित मापदण्ड र निर्देशिकाहरुको विकास गरिने छ । सेवास्तर अनुगमनको लागि मापदण्ड र विधिको आधारमा सेवा प्रदायकले प्रदान गरेको सेवाको नियमित अनुगमन तथा आवश्यक सुधार गरिने छ ।*

**२.६ व्यक्तिगत र गार्हस्थ्य स्वच्छताका साथै, सामुदायीक, बिद्यालय र अन्य सार्वजनिक स्थलहरु सफा र सुरक्षित राख्न सरसफाइका प्रभावकारी कार्यक्रमहरु संचालन गरिने छ ।**

*२.६ संग सम्बन्धित रणनीतिहरु– विद्यालय तथा सार्वजनिक स्थानमा सरसफाइ*

*क) बिद्यालयहरु र सामुदायिक स्थानहरुमा निरन्तर पानी र सफा शौचालयको व्यवस्थाको सुनिश्चितताको लागि स्थानिय सरकारसंग समन्वय गरि गरिने छ ।*

*ख) स्थानीय प्राथमिकताका आधारमा प्रयोग शुल्क सहितका सार्वजनिक शौचालय वा एकीकृत व्यावसायीक सेवा केन्द्रहरुको विकास गरिने छ । यस्ता शौचालयहरुको निर्माण र व्यबस्थापनका लागि मापदण्ड र निर्देशिकाहरु तयार गरिने छ ।*

*ग) सार्वजनिक तथा संस्थागत शौचालयहरु प्रयोगकर्ता मैत्री बनाइने छ ।*

*घ) बिद्धयालय एवं स्वास्थ्य संस्थाहरुमा निरन्तर पानी र सफा शौचालयको व्यवस्था गर्न क्रमशः शिक्षा एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग समन्वय गरिने छ ।*

**२.७ खानेपानी तथा सरसफाई क्षेत्रमा नविनतम तथा उपयुक्त प्रबिधी, प्रकृया तथा अभ्यासहरुको अनुसन्धान, खोज तथा बिकास गरि सो को प्रयोगलाई प्रोत्साहन गरिनेछ ।**

*२.७ संग सम्बन्धित रणनीतिहरु–अनुसंधान, बिकास तथा प्रयोग सम्बन्धी रणनीतिहरु*

*क) छिटो छरितो र स्तरीय खानेपानी तथा सरसफाई सेवाका लागि बिभिन्न क्षेत्रगत बिषयहरुमा अध्ययन, अनुसन्धान तथा खोज गर्न बिभिन्न बिश्वबिध्यालय, बिज्ञ वा विद्धत् परिषद् संग समन्वय गरि अनुसन्धान तथा शोध कार्यलाई अगाडि बढाईनेछ ।*

*ख) बिभिन्न बिश्वबिध्यालयमा पढाईने सरसफाई ईन्जिनियरिङ बिषयको स्नाकोत्तर तहका बिध्यार्थीलाई खानेपानी तथा सरसफाई संग सम्बन्धित शोधका लागि प्रोत्साहित गरिनेछ ।*

*ग) नवितम तथा उपयुक्त प्रबिधि, उपकरण तथा प्रकृयालाई पाईलटिङ गर्ने कार्य अगाडि बढाईनेछ ।*

*घ) बिभिन्न अनुसन्धान, खोज तथा नमूना अभ्यासहरुलाई राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्र मार्फत प्रशिक्षण तथा प्रबर्धन गरिनेछ ।*

*ङ) खानेपानी सेवा प्रदायकका नविनतम तथा स्तरीय अभ्यासहरुलाई प्रोत्साहन गरि प्रबर्धन गरिनेछ ।*

## उद्देश्य ३- उत्तरदायी खासस्व सेवाको बिकास

सन्दर्भः तीव्ररुपमा भइरहेको शहरीकरणले सृजना गरेका असरहरु र स्रोतहरुको क्षयीकरण तथा जीवन शैलीमा आएको परिवर्तनले, खानेपानी र सरसफाइ सुविधाहरुको गुणात्मक सेवाको मांग र आवश्यकतामा बृद्धि हुंदै गएको छ ।

**शहरी क्षेत्रहरुमा, क्रमिकरुपमा उच्चस्तरीय खानेपानी तथा सरसफाइ सेवाहरुको विकास गर्न नीतिगत तथा कानूनी स्पष्टता, आर्थिक स्रोतहरुको परिचालन, कार्यान्बयन क्षमता र अन्तर बिषयगत समन्वयमा अभिवृद्धि गरी उत्तरदायी सेवाको विकास गर्ने ।**

**नीतिहरु**

**३.१ खानेपानी तथा सरसफाइको सर्वसुलभता कायम राख्दै गुणात्मक सेवा अभिवृद्धिको लागि खानेपानी तथा सरसफाई सेवा सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।**

*३.१ संग सम्बन्धित रणनितीहरु- खानेपानी तथा सरसफाई सेवा सुधार*

*क) खानेपानी तथा सरसफाइ प्रणाली र प्रशोधन केन्द्रहरुको प्रभावकारिता बृद्धि गर्न SCADA जस्ता कम्प्युटरकृत प्रणालीहरुको प्रयोगलाई प्रोत्साहित गरिने छ ।*

*ख) खानेपानी सेवालाई चुस्त र दुरुस्त बनाउन खानेपानी आयोजनाहरुबाट सम्पादन भएका सेवाहरुको अनुगमन, सुधार तथा क्षमता अभिबृद्दीका लागि कार्यसंपादन मुल्यांकन सूचकहरु तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।*

*ग) खानेपानी आयोजनाहरुको दक्षता अभिबृद्धि तथा सेवा सुधारका लागि आयोजनाहरुको बर्गिकरण गरि आयोजनाको प्रकृती अनुरुपका संचालन मापदन्डहरु लागु गरिनेछ ।*

**३.२ बढ्दो सहरीकरण र संभाव्य स्रोतहरुको सीमितताबीच प्रभावकारी सेवा कायम गर्न तथा बिशेषतः तराईका आर्सेनिक प्रभावित क्षेत्रहरुमा प्रदुषित भूमिगत पानीको प्रयोग बिस्थापन गर्न थोक पानी वितरणका आयोजनाहरु संचालन गरी स्वच्छ पानी आपूर्ति गरिने छ ।**

*३.२ संग सम्बन्धित रणनीतिहरु – थोक वितरण*

*क) संभाव्यताका आधारमा बढदो जनसंख्या, तिब्र शहरीकरण ले बातावरण परिबर्तनका कारण ले गर्दा खानेपानी सेवा बृद्धीका लगायत अन्य जलश्रोतको बहु उपयोगको लागि बिभिन्न निकाय संग साझेदारी तथा समन्वय हुनसक्ने गरी जलाशयहरुको निर्माणबारे अध्ययन तथा कार्यान्वियन गरिने छ ।*

*ख) अन्य निकायहरुबाट निर्माण भएका वा संभाव्य देखिएका ठूला ठूला जलाशयहरुको निर्माण सम्बन्धी आयोजनाहरुमा खानेपानीसमेतको लागि एकिकृत आयोजना निर्माण बारे संभाव्यता अध्ययन गरी कार्यान्बियन गर्ने ।*

*ग) थोक बितरण प्रणालीको विकास गरी खानेपानी उपलब्ध गराउन सकिने बिषयबारे अध्ययन, प्रबर्धनतथा कार्यान्वियन गरिने छ ।*

*घ) थोक खानेपानी बितरण सम्बन्धमा नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।*

**३.३ खानेपानी तथा सरसफाइ सेवाको सर्वसुलभता कायम रहनेगरी गुणात्मक सेवा प्रवाहमा व्यवसायिकताको अभिवृद्धि गर्न संस्थागत सबलीकरणका सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ ।**

*३.३ संग सम्बन्धित रणनीतिहरु – संस्थागत सबलीकरण*

*क) संचालन व्यवस्थापनमा सुधार गर्न र व्यवसायिकता बृद्धिका लागि स्थानीय तहहरु तथा उपभोक्ताहरुप्रति जिम्मेवार सार्बजनिक तथा सार्वजनिक निजी क्षेत्र साझेदारीका बिभिन्न मोडेलहरुलाई प्रोत्साहन गरिने छ ।*

*ख) पानी निर्मलीकरणका लागि आवश्यक पर्ने क्लोरिन ग्यास वा अन्य उपयुक्त प्रविधि देश भित्र नै उत्पादन गर्न पहल गरिने छ ।*

*घ) संचालन दक्षतामा अभिबृद्धि गर्न बिभिन्न आयोजनाहरुलाई एकीकरण (Merger) गरी स्थानीय बोर्डकरुपमा कम्पनी, बोर्ड वा सहकारी जस्ता बिभिन्न बैकल्पिक मोडेलहरु संचालन गर्न सहजिकरण गरिने छ ।*

*ङ) खानेपानी तथा सरसफाइका प्रणालीहरुमा यान्त्रिक अवयवहरुको बढ्दो प्रयोगका साथै यस्ता अवयवहरुको मर्मत संभारमा स्थानीय क्षमता अभिवृद्धि गर्न स्थानीय साना उद्यमीहरुलाई तालिम प्रदान गरी दक्षता प्रमाणिकरणको (Accrediation) कार्यक्रमलाई अघि बढाइने छ ।*

*च) खानेपानी तथा सरसफाइ सेवाहरु व्यावसायीक रुपमा संचालन गर्न उपभोक्ता समितिहरु र अन्य सेवा प्रदायक र तिनका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिने छ ।*

*छ) खानेपानी सेवा प्रणालीहरुलाई आर्थिक, प्राविधिक, वित्तिय र सामाजिक रुपमा सक्षम बनाई दिगो खानेपानी तथा सरसफाई सेवा उपलव्ध गराउन स्थानीय सरकारसंग समन्वय गरी खानेपानी सेवा सहयोग संस्था Service Support Center) को संचालन तथा व्यवस्थापन गरीनेछ । यस्तो संस्थाले खानेपानी उपभोक्ता समितिहरुलाई खानेपानी आयोजनाहरुको संचालन र व्यवस्थापन तथा मर्मत संभारका लागि प्राविधिक सेवा तथा सहयोग पु-याउनेछ*

**३.४ खानेपानीका स्रोतहरुको सीमितता, पानीको बहु-उपयोगले सृजना गरेको चाप तथा स्वच्छ पानी आपूर्तिको लागि लाग्ने अत्यधिक आर्थिक तथा अन्य स्रोतहरुको चुनौतीका कारण पानीको मितव्ययी उपभोगमा जोड दिइने छ ।**

३.४ संग सम्बन्धित रणनीतिहरु – पानीको उपभोग दक्षतामा सुधार

*क) पानीको किफायती र समुचित प्रयोगलाई प्रोत्साहन गर्न उपभोक्ता सचेतनाको विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ । पानीको महत्तम उपयोगलाई प्रबर्धन गर्नेगरी पानीको महसुल निर्धारण गरिनेछ ।*

*ख) पानीको प्राविधिक तथा चुहावट रोकथाम सम्बन्धी लक्ष्यमूलक कार्यक्रमहरु तर्जुमा गरी प्राथमिकतासाथ संचालन गरिने छ ।*

*ग) बैकल्पिक उपायहरुको खोजी गरी उपयुक्त र आवश्यकता अनुसार बहुस्रोत (Multipule Source) र बहुप्रविधि )Multiple Technology) का आयोजनाहरु, जस्तै बर्षातको पानी संकलन, सौर्य पम्पको प्रयोग, आदिबाट सेवा बिस्तार गरिने छ ।*

## उद्देश्य ४- सफा र स्वच्छ शहरको निर्माण गर्ने

सन्दर्भः गार्हस्थ्य, औद्योगिक तथा कृषिजन्य फोहोर पानी र दिसाजन्य फोहोर पदार्थको व्यवस्थित संकलन, प्रशोधन र बिसर्जन दिनानुदिन चुनौंतीपूर्ण बन्दै गएको छ ।

गार्हस्थ्य, औद्योगिक तथा कृषिजन्य फोहोर पानी र दिसाजन्य फोहोर पदार्थको व्यबस्थित संकलन, प्रशोधन र बिसर्जन गरी ग्रामीण तथा सहरी क्षेत्रहरुमा फैलिंदै गएको प्रदूषणलाई न्यूनीकरण गर्दै सफा र जैविक बिविधतामैत्री बातावरण निर्माणमा सघाउ पुर्याइने ।

**उद्देश्य ४ अन्तर्गतका नीतिहरु**

**४.१ नदी नाला, जलाशय, जलाधार तथा ताल तलैयाहरुलाई, उपयोगका आधारमा, प्रदूषणमुक्त तथा सामान्य प्राकृतिक स्वरुपमा कायम राख्न स्थानीय सरकारहरुको सहभागितामा योजनाहरुको तर्जुमा र कार्यान्वयन गर्दै लगिने छ ।**

*४.१ संग सम्बन्धित रणनीतिहरु –प्रदूषणमुक्तनदी नाला, जलाशय, जलाधार तथा ताल तलैया*

*क) नदी नाला तथा जलाशयहरुमा अप्रशोधित ढल निष्काशन गर्ने कार्यहरुलाई दुरुत्साहित गरिने छ । यसका लागि आवश्यक निर्देशिकाहरुको बिकास गरिने छ।*

*ख)गार्हस्थ्य, औद्योगिक तथा कृषिजन्य फोहोर पानी निष्काशन सम्बन्धी मापदण्डहरु तैयार गरी लागू गर्दै लगिने छ ।*

*ग)प्रदूषणको नियमित मापन र अनुगमन गर्न प्रदेश स्तरमा प्रयोगशालाहरु लगायत पूर्वाधारहरुको निर्माण र स्थानीय सरकारको क्षमता अभिबृद्धिका लागि कार्यक्रमहरु संचालन गरिने छ ।*

*घ) नेपालको परिप्रेक्षमा प्राप्य एबम ग्राह्य प्रविधिमा आधारित रहेर फोहोरपानी गुणस्तर मापदण्डको विकास गरी सो वमोजिम फोहरपानी बिसर्जनको गुणस्तर कायम गरिने छ ।*

**४.२ सहरी, पर्यटकीय तथा अन्य संबेदनशील क्षेत्रहरुमा फोहोरपानी निष्काशनका मापदण्डहरु अनुरुप मात्र फोहोरपानी उत्सर्जन गर्नेगरी संकलन र प्रशोधनका सुविधाहरु उपलब्ध गराइने छ ।**

*४.२ संग सम्बन्धित रणनीतिहरु –फोहोरपानी संकलन र प्रशोधन*

*क) दिसाजन्य लेदो पदार्थको संकलन, प्रशोधन र अन्य व्यवस्थापनका लागि मापदण्ड र निर्देशिकाहरु लागू गरिने छ । .*

*ख) ढल प्रणालीबाट संकलित फोहोर पानीलाई उपयुक्त प्रशोधन पश्चातमात्र विसर्जन गर्ने प्रशोधन केन्द्रहरुको निर्माण गरिने छ ।*

*ग) अस्पताल, उद्योग, व्यापारिक केन्द्र र वधशालाबाट निस्कासन हुने फोहोरपानी प्रशोधन गरेर मात्र सार्वजनिक ढलमा जडान गरिने छ ।*

*घ) शहरी क्षेत्रमा मूल ढल प्रणाली र प्रशोधन केन्द्र निर्माणका लागि संघिय सरकारले आवश्यकता अनुरुप स्थानीय सरकार वा प्रदेश सरकारलाई सहजिकरण गर्न सक्नेछ ।*

*ङ) डुबानको संभावना रहेका र अपेक्षाकृत बढी जनघनत्व भएका सहरी इलाकाहरुमा बर्षाते पानीको निकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ ।*

*ङ) कम जनघनत्व भएका स्थानहरुमा स्थलगत सरसफाइ सुविधा Onsite Sanitation प्रवर्धन गरिने छ ।*

*च)ढल प्रणालीमा आबद्ध नभएका शौचालयहरुमा संकलन हुने दिसाजन्य लेदो पदार्थको उचित व्यवस्थापन गर्न Septage Treatment Plant हरुको निर्माण गरिने छ।*

*छ) ढल प्रणालीहरुको संचालन र मर्मत संभार खर्च थेग्ने गरी महसुल वा शुल्क निर्धारण गरिनेछ।*

**४.३ फोहोर पानीको उत्सर्जन कम गर्ने र फोहोरपानीलाई स्रोतको रुपमा व्यवस्थापन गरी लाभ प्राप्त गर्ने उपायहरुको अवलम्बन गर्ने नीति लिइने छ ।**

*४.३ संग सम्बन्धित रणनीतिहरु –फोहोरपानीलाई स्रोतको रुपमा व्यवस्थापन*

*क) सहरी र घना आवादी भएका क्षेत्रहरुमा एकीकृत प्रणाली र प्रशोधन केन्द्रहरु अपेक्षाकृत सरल तरिकाले संचालन हुने उपयुक्त प्रबिधिको बिकास गरि निर्माण गरिने छ ।*

*ख) फोहोरपानी प्रशोधन गर्दा संभावनाका आधारमा उत्सर्जित पानीलाई सिंचाई, नगर सौन्दर्यीकरण, औद्योगिक प्रयोग, आगलागी नियन्त्रण जस्ता आर्थिक र सामाजिक लाभ प्राप्त गर्ने विषयसंग आवद्ध गरिने छ ।*

*ग) बिशेषतः औद्योगिक र गार्हस्थ्य निसर्जनमा समेत फोहोर पानीको नियन्त्रित पुनः प्रयोग, Reduce, Recycle and Reuse सम्बन्धी चेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।*

*घ) पानी कम खपत गर्ने र पुनःप्रयोग गर्ने सम्बन्धी प्रविधि र सामग्रीहरुको बिक्री वितरण र प्रयोगलाई प्रोत्साहन गरिने छ ।*

*ङ) शून्य वा न्यूनतम निसर्जन गर्ने उद्योगहरुलाई प्रोत्साहन गर्न बिशेष सुविधा वा दिनेगरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।*

*च) आर्थिक संभाव्यताका आधारमा फोहोर र फोहोर पानीबाट ग्यास, उर्जा र अन्य लाभकारी वस्तुहरुको उत्पादन र पुनः प्राप्त )Recover) गर्ने प्रबिधि र प्रक्रुयाहरुको प्रबर्धन गरिने छ ।*

**४.६ एकिकृत फोहर व्यवस्थापनलाई प्रोत्साहन तथा प्रबर्धन गरि श्रोतको अधिकतम उपयोग गरिनेछ ।**

*४.६ सम्बन्धी रणनितीहरु- एकिकृत फोहर व्यवस्थापन*

*क) सुरक्षित खानेपानी तथा स्वच्छ शहरलाई अभिबृद्धी गर्नका लागि शहरी क्षेत्रहरुमा एकिकृत रुपमा खानेपानी, ढल तथा दिसाजन्य लेदोको तथा ठोस फोहर समेतको प्रशोधन तथा व्यवस्थापनका लागि दिर्घकालिन गुरुयोजना बनाई लागू गरिने छ ।*

*ख) ढलको एकिकृत व्यवस्थापनका लागि अन्तर निकाय समन्वय र साझेदारीलाई प्रोत्साहन गरिनेछ ।*

*ग) समग्र शहर समेटने सरसफाइ योजना (Citywide Sanitation Plan) तयार गरी लागू गरिनेछ ।*

*घ) ढल आयोजनाहरुको डिजाइन, निर्माण, संचालन र व्यवस्थापन गर्दा स्थानीय वातावरणीय अवस्था, आर्थिक सामाजिक अवस्थार प्रणाली संचालन क्षमतालाई ध्यान दिइने छ ।*

*च) सहरी क्षेत्रको सरसफाइ र वातावरणमा आधारित मूल्याङ्कन विधिहरुको विकास गरी उत्कृष्ट गाउँ / नगर सहरहरुलाई पुरस्कृत गरिने छ ।*

## उद्देश्य ५ - खासस्व क्षेत्रगत भूमिकाहरुमा स्पष्टता कायम गर्ने

सन्दर्भः नेपालको संविधानले अंगीकार गरेको राज्य पुनर्संरचनाको प्रावधानले निर्धारित गरे अनुरुप संघ, प्रदेश र स्थानीय सरकारका क्षेत्रगत भूमिकाहरुबारे स्पष्टता कायम गर्नु आवश्यक छ ।

संघ प्रदेश र स्थानीय सरकारका क्षेत्रगत भूमिकाहरुमा स्पष्टता ल्याई खानेपानी तथा सरसफाइ सेवाको क्षेत्रगत विकास गर्न समन्वयात्मक र परिपूरक वातावरणको निर्माण गर्ने।

**उद्देश्य ५ अन्तर्गतका नीतिहरु**

**५.१ नेपालको संविधानले प्रत्याभूत गरेको खानेपानी तथा सरसफाइ सेवामा नागरिक पहुँचको मौलिक अधिकार, सेवाको बिशिष्ट प्रकृति, जलस्रोतको संरक्षण र महत्तम तथा दिगो उपयोग, व्यवस्थापकीय क्षमता र लागत प्रभावकारिताका आधारमा संघ, प्रदेश र स्थानीय सरकारको भूमिकाको व्यवस्था, विकास र व्यवस्थापन गर्दै लगिनेछ ।**

*५.१ संग सम्बन्धित रणनीतिहरु –संघ, प्रदेश र स्थानीय सरकारको भूमिकाको सबलिकरण, विकास र व्यवस्थापन*

*क) खानेपानी तथा सरसफाइ क्षेत्रमा संघ, प्रदेश र स्थानीय सरकारहरुको भूमिका, अन्तरसम्बन्ध, अधिकार, दायित्व र जवाफदेहीता प्रष्ट किटान हुनेगरी खानेपानी तथा सरसफाइ क्षेत्रमा आवश्यक कानूनी र निर्देशक बिषयहरु समाविष्ट गरिएको खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन जारी गरिनेछ ।*

*ख) संघीय स्तरमा खानेपानी तथा ढल व्यवस्थापन विभागको मौजुदा संरचना र भूमिकामा परिमार्जन गरी केन्द्रीय स्तरमा योजना, बित्तीय परिचालन, वैदेशिक समन्वय, नीतिगत तथा बिषयगत अनुसन्धान, स्थानीय तथा प्रदेश सरकारको क्षमता विकास, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन, तथ्याङ्क संकलन, अभिलेखीकरण तथा विश्लेषण, मापदण्ड निर्धारण, नियमन, सहजीकरण लगायत राष्ट्रिय कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित मन्त्रालयको सक्षम सहयोगी निकायको रुपमा विकास गरिने छ ।*

*ग) नेपाल सरकारले संघिय स्तरमा सञ्चालन गर्ने कार्यक्रमहरुको कार्यान्वियन गर्न र प्रदेश तथा स्थानीय सरकारमा संचालन हुने कार्यक्रमहरुको तर्जुमा, कार्यान्वियन, संचालन तथा अनुगमन कार्यहरुमा प्रदेश तथा स्थानीय सरकारलाई सहजीकरण र नियमनमा सहयोग पु-याउन आवश्यकता अनुसार विभाग अन्तर्गत संघीय प्रादेशिक कार्यालयहरुको व्यवस्था गरिनेछ ।*

*घ) प्रदेश तथा स्थानीय सरकारमा खानेपानी तथा सरसफाइ कार्यक्रमहरु सञ्चालन गर्न छुट्टै बिषयगत कार्यालय वा इकाइ स्थापना गर्न सकिनेछ ।*

*च) संविधानद्वारा प्रदत्त मौलिक हकको संरक्षण गर्दै सरकारको जवाफदेहीता अभिबृद्धि गर्न आम जनसमुदायबाट प्राप्त खानेपानी तथा सरसफाई सम्बन्धी गुनासाहरुको छिटो छरितो समाधानका लागि केन्द्रीय स्तरमा द्रुत गुनासो सुन्ने इकाइ गठन गरिनेछ ।*

**५.२ सेवा संचालन र प्रवाहमा व्यावसायिकता अभिवृद्धि र सोको अनुगमनमा स्थानीय सरकारको अग्रगामी भूमिकालाई सवलीकरण गर्दै लगिने छ ।**

*५.२ संग सम्बन्धित रणनीतिहरु –स्थानीय सरकारको अग्रगामी भूमिका*

*क) दिगो एवं प्रभावकारी सेवा सञ्चालनको लागि आवश्यक तालिम तथा क्षमता विकास गरिनेछ ।*

*ख) दिगो, प्रभावकारी एवं जवाफदेही सेवाका लागि सेवा प्रदायकको प्रभावकारीता अभिवृद्धि गर्न महिला तथा सीमान्तकृत लगायत समूहहरुको समावेशी प्रतिनिधित्व गराइनेछ ।*

*ग) सेवा सञ्चालकहरु मार्फत व्यावसायीक सेवा प्रवाह गर्दा स्थानीय सरकारले आफ्नो अनुकूलता अनुरुप छनौट गर्न सक्नेगरी सार्वजनिक, निजी तथा साझेदारीका विभिन्न संचालन स्वरुपहरुको विकास गरिनेछ ।*

*ङ) सेवा संचालनमा दक्षता र व्यावसायिकता अभिवृद्धिका लागि सेवा संचालनका मापदण्ड तथा सूचकहरु लगायत अनुगमन र नियमनका प्रक्रियाहरु निर्धारण गर्न निर्देशिकाहरु तयार गरी अद्यावधिक गर्दै लगिने छ ।*

*च) खा.स.स्व. प्रणालीहरूको स्तर वर्गीकरण बमोजिम त्यस्तो स्तरको प्रणाली अन्तर्गत के, कति र कस्ता योग्यता, क्षमता र दक्षताका कामदार (कर्मचारी आदि( आबश्यक पर्ने हो सो को अनुपालन भए(नभएको अनुगमन एबं नियमन गरिने छ।*

**५.३ योजना तर्जुमा, स्रोत परिचालन, कार्यान्वयन र अनुगमन कार्यहरुमा स्थानीय सरकार, प्रदेश र सघको भूमिकालाई एक आपसमा नबाझिने गरी समन्वयात्मक, सहभगितामूलक र परिपूरक रुपमा विकास गरिने छ ।**

*५.३ संग सम्बन्धित रणनीतिहरु – समन्वयात्मक, समतामूलक र परिपूरक संघीय संरचनाको भूमिका*

*क) अन्तर–प्रदेशीय रुपमा संवोधन गरी समाधान गरिनुपर्ने राष्ट्रिय महत्वका योजना, कार्यक्रम र अभियान जस्ता बिषयहरु स्थानीय तथा प्रदेश सरकारसंगको समन्वयमा राष्ट्रिय कार्यक्रमका रुपमा सञ्चालन गरिने छ, ।*

*ख) अपेक्षाकृत रुपमा ठूला लगानी आवश्यक पर्ने र समान बिषयगत आधारमा )Thematic( एकभन्दा बढी प्रदेशमा संचालन हुने बैदेशिक तथा स्वदेशी लगानी परिचालन हुने कार्यक्रमहरूको केन्द्रीय व्यवस्थापन र समन्वय गरिनेछ ।*

*ग)     स्थानीय क्षमता अभिवृद्धि नभएसम्मका लागि गार्हस्थ्य र औद्योगिक ढल प्रणालीबाट नदी नाला तथा जलाशयहरुमा विसर्जन हुने प्रदुषणको नियमन र अनुगमन गरी जल गुणस्तर सुनिश्चित गर्ने कार्य संघिय सरकारले गर्ने छ ।*

*ङ) संघ,प्रदेश र स्थानीय सरकारबीच अन्तर निकाय समन्वयका लागि खानेपानी तथा सरसफाइ समन्वय समितिहरु स्थापना गरिनेछ ।*

**५.६ खानेपानी तथा सरसफाइ सेवाबाट प्राप्त हुने प्रतिफलबाट अधिकतम लाभ प्राप्त गर्न अन्तर क्षेत्रगत (Inter-Secotral ) कार्यक्रमहरु संचालन गरिने छ ।**

*५.६ संग सम्बन्धित रणनीतिहरु – अन्तर क्षेत्रगत Intersectoral  कार्यक्रम सम्बन्धी*

*क) सेवा संचालनको दक्षता र प्रभावकारिताको अनुगमन स्थानीय सरकारबाट गरिने हुंदा यस तर्फ स्थानीय निकायको क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।*

*ख) संघ र प्रदेश सरकारहरुले आवश्यकता अनुसार खानेपानी सेवाको अनुगमन गर्न सक्ने छन् । साथै स्वास्थ्य मन्त्रालय अन्तगतका निकायहरुबाट तेस्रो पक्षको रुपमा थप खानेपानी गुणस्तरको निगरानी (सर्भिलेन्स( गर्न सक्ने छ ।*

*ग) राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्र लाई थप सुदृढ र बिस्तार गरी यसलाई क्षेत्रगत क्षमता अभिवृद्धि तथा सेवा नियमनको लागि प्रभावकारी संस्थाको रुपमा विकास गरिने छ ।*

*घ) खानेपानी तथा सरसफाई सेवालाई प्रभावकारी बनाउन शिक्षा, स्वास्थ्य, वन तथा वातावरण जस्ता निकायहरुसंग समन्वात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।*

**उद्देश्य ६- खानेपानी तथा सरसफाई क्षेत्रमा स्वदेशी तथा बिदेशी लगानी अभिबृद्वी गरी स्तरीय सेवा उपलब्ध गराउने**

सन्दर्भः सन् २०३० सम्ममा सबै नेपाली जनतालाई मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाई सुबिधालाई स्तरीय बनाउन मुख्य चुनौतीको रुपमा अपर्याप्त बित्तिय श्रोत हो।

खानेपानी तथा सरसफाई क्षेत्रको समग्र बिकास गरि उत्कृष्ठ सेवा प्रवाह गर्न आवश्यक बित्तिय श्रोत परिचालनका लागि बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रोतको साथै बैकल्पिक श्रोत परिचालनका उपायहरु अबलम्बन गर्ने ।

**६.१ खानेपानी तथा सरसफाई सेवा प्रदायक संस्थाको सहभागितामा लागत सहभागितामा खानेपानी सेवा सुधार तथा सरसफाइका आयोजनाहरुको निर्माण तथा संचालन गरिने छ ।**

६.१ *संग सम्बन्धित रणनीतिहरु- लागत सहभागिता*

*क) उपभोक्तासंग लागत सहभागितामा निर्माण तथा संचालन गरिने आयोजनाहरुमा उपभोक्ता प्रतिबद्धताको रुपमा लागतको ...... प्रतिशत ले हुने रकम अग्रिम अक्षय कोष स्थापना भएपछि मात्र आयोजना सञ्चालनका लागि बजेट बिनियोजन  गरिने छ।*

*च) आयोजनाको लगानीमा उपभोक्ता योगदानको अंश सम्बन्धमा हाल बिभिन्न प्रकृतिका आयोजनामा फरक फरक ढाँचा  रहेका कारण सिर्जित समस्यालाई मध्यनजर गर्दै सबै किसिमका आयोजनामा समतामूलक र समन्यायिक ढाँचा अवलम्बन गरिनेछ।*

*छ) उपभोक्ता योगदानको अंश सम्बन्धमा खानेपानी नियामक (निकाय) प्राधिकरणले आवधिक रुपमा आँकलन गरेको अंश देशको बिभिन्न भौगोलिक क्षेत्रगत रुपमा समन्यायिक नदेखिएमा महसुलमा हुने असमानता समेतलाई बिश्लेषण गरी (Tarriff Equity Gap) लाई बिचार गरी समानिकरण अनुदानको सिफारिस गर्न सकिनेछ। त्यस्तो अनुदान 'खासस्वकोष'बाट व्यहोरिने प्रबन्ध गरिनेछ*

*ज) सीमान्तकृत र बिपन्न समुदाय, सुख्खाग्रस्त क्षेत्र, बहुचरण पम्पिंग, लामो प्रशारण प्रणाली र विशेष प्रशोधन आवश्यक भई बढी लागत पर्ने आयोजनाहरुमा लागत जनसहभागिताको खण्ड आयोजनाको दश प्रतिशतमा सीमित गर्न सकिने छ ।*

*झ) संचालन खर्चका लागि सामान्यतया अनुदान दिइने छैन । संचालन अनुदान आवश्यक पर्ने बिशिष्ट परिस्थितिहरुमा यसरी प्रदान गरिने अनुदान लक्षित हुने छ । सो को लागि कार्यविधी तयार गरिने छ। ति अनुदानहरु स्थानिय सरकारको पहलमा हुनेछन् ।*

*ञ) खानेपानी सेवा सुधार तथा सरसफाइका आयोजनाहरुमा उपभोक्ता समुदायलाई पुँजीगत खर्चको अंश ब्यहोरी संचालन गर्न प्रोत्साहन गर्ने उपायहरुको अवलम्वन गरिने छ ।*

*ट) लाभान्वित समुदायसंगको पूँजिगत लागत सहभागिताका आधारमा सेवा बिस्तार,सुधार तथा स्तरोन्नती गर्ने आयोजनाहरुको निर्माण गरिने छ । बित्तिय*

**६.२ खानेपानी तथा सरसफाई आयोजनाहरुको दिगो संञ्चालन तथा व्यवस्थापनका लागि लागत उठ्तीको सिद्दान्त अनुरुप आयोजनाको निर्माण, संचालन तथा व्यवस्थापन  गरिनेछ ।**

*६.२ संग सम्बन्धित रणनीतिहरु- आयोजना सञ्चालन व्यवस्थापनमा स्थानिय श्रोत परिचालन*

*क) दिगो उपलब्धिका लागि लाभान्वित समुदायको सहभागितामा आयोजनाहरु निर्माण गरिनेछ । आयोजनामा स्थानीय समुदायको श्रमदानलाई मुल्यमा रुपान्तरण गरि आयोजनाको जम्मा लागतमा गणना गरिनेछ ।*

*ख) खानेपानी आयोजनाको जीवन चक्र मुल्य  (Life Cycle Cost)तथा मानव सूचकांक तथा लागत उठ्ती हुनेगरी गुणात्मक सुधारका आयोजनाहरु संचालन गरिने छ।*

*ग) खानेपानी तथा सरसफाई कार्यमा प्रभावकारीता तथा दक्षता प्रबर्धनका लागि कार्य सम्पादन कार्य मूल्यांकनमा उच्च अंक प्राप्त गर्ने आयोजनाहरुलाई थप सेवा तथा सुबिधा बिस्तारको लागि अनुदानको व्यवस्था गरिनेछ ।*

*घ) खानेपानी तर्फ साधारणतया पूर्ण संचालन खर्च र फोहोर पानी व्यवस्थापनतर्फ Polluters Pay Principle का आधारमा संचालन खर्च प्राप्त हुने गरी महसुल निर्धारण गरिने छ ।*

*ङ) ढल एवम् दिसाजन्य लेदो व्यवस्थापन आयोजनाहरु कार्यान्वियनको लागि  लगानी योजना र वित्तीय उपलव्धता सुनिश्चत गर्ने संयन्त्र र कार्यान्वियनका ढाँचाहरुको विकास गरिने छ।*

**६.३ खानेपानी तथा सरसफाई क्षेत्रमा भएको लगानीको अभावलाई परिपूर्ति गर्न निजी क्षेत्रलाई आकर्षित गरिनेछ ।**

*६.३ संग सम्बन्धित रणनीतिहरु –निजी क्षेत्रको लगानी प्रबर्धन सम्बन्धी*

*क) खानेपानी तथा सरसफाई क्षेत्रमा निजी लगानी आकर्षित गर्न आवश्यकता र वित्तीय स्रोतको उपलब्धताका आधारमा परियोजनाहरुमा न्यून संभाव्यता परिपूरक कोष (Viability Gap Funding को व्यवस्था गर्दै लगिने छ ।*

*ख) निजी क्षेत्र र स्थानीय सरकारहरुको बीचमा हुने संझौताहरको सहजीकरण गर्न आवश्यक मार्गदर्शन, निर्देशिका र संझौताका नमूना दस्तावेजहरु तयार गरिने छ ।*

*ग) फोहोर पानी संकलन गर्ने प्रणालीहरुको निर्माण र प्रशोधन केन्द्रहरुको स्थापना गर्न पुँजीगत खर्चको व्यबस्था गर्दा आवश्यकता र महत्वका आधारमा संघ र प्रदेश सरकारहरुले स्थानीय सरकार र लाभग्राही समूहको सहलगानीमा ऋण वा अनुदान लगानी गर्न सक्ने छन् । यस्तो सहलगानीको प्रतिशत निर्देशिकाहरुले व्यवस्था गरे बमोजिम हुनेगरी पन्ध्र देखि तीस प्रतिशतसम्म कायम गर्न सकिने  छ ।*

*घ) ढल प्रणालीको नियमित मर्मत तथा संचालन खर्च सम्पूर्ण रुपमा स्थानीय सरकार र लाभग्राही समूहको लागत सहभागितामा व्यहोरिने छ । ठूला मर्मतकार्यहरु र प्रशोधन प्रणालीका लागि तोके बमोजिम सघ तथा प्रदेश सरकारहरुबाट आंशिक ऋण तथा अनुदान प्राप्त हुन सक्ने छ ।*

*ङ) खानेपानी तथा सरसफाई सेवामा स्थानीय लगानीलाई प्रोत्साहन गर्नको लागि को सुनिश्चितता तथा दिगोपनको लागि सेवा प्रदायक संस्थाहरू समेतको शेयर लगानी हुनेगरी 'खासस्व' वित्तीय सहकारी संस्था ( WASH Bank) सञ्चालनका लागि आवश्यक कार्यबिधि तथा संरचना तयार गरिनेछ ।*

**६.४ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुवाट खानेपानी तथा सरसफाई क्षेत्रमा हुने लगानी तथा सहयोगलाई प्राथमीकिकरण गरि कार्यान्वयन गरिने छ ।**

*क) खानेपानी तथा सरसफाई क्षेत्रमा बित्तिय तथा प्राबिधिक सहयोग उपलब्ध गराई रहेका बिकास साझेदारहरुले उपलब्ध गराउने अनुदान तथा ऋण सहयोगलाई SWAP अवधारणा अनुरुप प्रथमिकिकरण गरि परिचालन गरिनेछ ।*

*ख) जलवायु अनुकुलन कोष तथा अन्य उपलब्ध अन्तर्राष्ट्रिय कोषहरुमा पहुँच स्थापित गरी राष्ट्रिय हित अनुकुल उपयोग गरी खानेपानी तथा सरसफाई सेवामा सुधार गरिने छ ।*

*ग) वैदेशिक सहयोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट संचालन गरिने कार्यक्रमहरु राष्ट्रिय प्राथमिकता र लक्षहरुसंग आवद्ध गरी संचालन गर्नेतर्फ संयोजन र समन्वयका लागि आवश्यक संयन्त्र र निर्देशिकाहरुको विकास गरिने छ ।*

## उद्देश्य ७-क्षेत्रगत नियमन, प्रभावकारिता एबम उत्तरदायित्व अभिवृद्धि

सन्दर्भः नेपालको 'खासस्व' क्षेत्रमा बिगतमा देखिएका असङ्गतिहरू( क्षेत्रगत अति खण्डिकरणस समन्वय,अनुगमन, मुल्याङ्कन र नियमनको अष्पष्टतासजिम्मेवारीको अष्पष्टता एबम यि सबै कारणबाट लगानीमा दोहरो, तेहरोपन आदि जस्ता सवालहरूमा स्पष्टता कायम गर्नु आबश्यक देखिएको छ।

नेपालको 'खासस्व' क्षेत्रमा देखिएका असङ्गति, अष्पष्टतार त्यसबाट सिर्जित साधन(श्रोतको( लगानीमा दोहरोपन आदि जस्ता सवालहरूमा स्पष्टता कायम गर्ने।

**उद्देश्य ७ अन्तर्गतका नीतिहरू**

**७.१ 'खासस्व' क्षेत्रमा हालसम्म पनि संघीय सरकारमा विद्यमान क्षेत्रगत खण्डिकरणको अबस्थालाई न्यूनीकरण गर्दै त्यसबाट सिर्जित असङ्गतीहरूको निराकरण गर्दै लगिने छ।**

*७.१ संग सम्बन्धित रणनीतिहरु*

*क) खानेपानी, ढल व्यबस्थापन लगायतका 'खासस्व' सम्बद्ध कार्यहरू संघीय सरकारमा सम्बन्धित क्षेत्रगत मन्त्रालय मार्फत नै सञ्चालन गर्ने गराउने प्रबन्ध क्रमशः गर्दै लगिने छ।*

*ख) खासस्व' सम्बद्ध सबै कार्यहरु एकल राष्ट्रिय क्षेत्रगत विकास योजना बमोजिम कार्यान्वयन गरिने छन् र सबै दात्री पक्षले समेत सोही विकास योजनामा आधारित रहेर नै गर्नु पर्ने प्रबन्ध गरिनेछ ।*

*ग) संस्थागत तथा नियामक खाका (Institutional and Regulatory Frame Work) को विकास गरेर लागू गरिने छ ।*

*घ) खा.स.स्व. प्रणालीहरूको सुसञ्चालन र नियमनलाई प्रभावकारी तुल्याउनका लागि प्रणालीहरूको स्तरीकरण वा श्रेणीकरण जस्ता विधि र संयन्त्र )उपाय( हरूको अवलम्बन गरिने छ।*

*ङ) खा.स.स्व. प्रणालीहरूलाई तिनको आकार, प्रकार, जटिलता र प्रकृति अनुसार साना, मझौला र वृहत गरी तीन स्तरमा वर्गीकरण वा श्रेणीकरण गरिने छ।*

**७.२'खासस्व' क्षेत्रलाई थप उत्तरदायि एबम प्रभावकारी बनाउन कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्दै लगिने छ।**

*७.२ संग सम्बन्धित रणनीतिहरु – एकिकृत तथ्यांक व्यवस्थापन र समन्वय*

*क) खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी एकिकृत सूचना प्रणालीको विकास गरीनेछ । कम्प्यूटरकृत प्रणालीले नेपाल अधिराज्य भरी खानेपानी, सरसफाईको अवस्था, खानेपानी आयोजनाको*

*संचालनको अवस्था, सेवाको स्तर, गुणस्तर लगायत बिषयका सूचना तथा तथ्यांकलाई एकतृत गरी र एकद्वारबाट संप्रेशण गरिनेछ ।*

*ख) नेपाल सरकारको अलावा अन्य निकायबाट प्राप्त बिवरण तथा तथ्यांकको आधिकारिकता पुष्टि गरि कम्प्यूटरकृत प्रणालीमा समावेश तथा गरिनेछ ।*

*ग) नदी नाला, जलाशय, जलाधारहरुको स्वरुप, बहाव तथा प्रदूषणको नियमित मापन र अनुगमन गरी भौगोलिक सूचना प्रणाली मैत्री (GIS Friendly)अभिलेखीकरण गरिने छ ।*

*घ) तथ्यांक व्यवस्थापन कार्यको लागि संघले स्थानीय र प्रदेश संग आवश्यकता अनुरुप समन्वय र सहकार्य गर्नेछ*

*ङ)खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यमा सबै क्षेत्र, बर्ग र समुदायको समन्वय र सहकार्यलाई प्रोत्साहन गरिनेछ। सबै सरोकारवालाहरुसंग नियमित रुपमा सम्पर्क र संवाद गरि कार्यक्रम तर्जुमा र कार्यान्वियन गरिनेछ ।*

**७.३ खानेपानी,सरसफाइ तथा स्वच्छता सम्बन्धी एकिकृत र आधिकारिक तथ्यांक तथा सूचना व्यवस्थापन तथा संप्रेशणको माध्यमबाट अन्तर बिषयगत समन्वय अभिवृद्धि गरिनेछ ।**

*७.३ संग सम्बन्धित रणनीतिहरू- एकिकृत सूचना व्यवस्थापन तथा आदान प्रदान*

*क) साना ठूला सबै खासस्व सेवा प्रणालीहरू लाई बेञ्चमार्किङ्गको प्रकृया भित्र क्रमशः समेट्दै लगिने छ।*

*ख) सबै खानेपानी सेवाप्रदायकहरू लाई क्षेत्रगत सूचना प्रणाली NWASH मा आबद्ध हुन अभिप्रेरित र सहजिकरण गरिने छ।*

*ग) क्षेत्रगत सूचना प्रणाली (NWASH) मा आबद्ध नहुने खानेपानी सेवा प्रदायकहरूलाई राज्यबाट उपलब्ध गराइने सहयोग कार्यक्रमहरूका लागि न्यून प्राथमिकता दिईने छ।*

*घ) क्षेत्रगत सूचना प्रणाली (NWASH) लाई आयोजना छनौट, तर्जुमा, पुनर्निर्माण, पुनर्स्थापना वा मर्मत(संभारका लागि निर्णय)आधारका रुपमा क्रमशस् जोड दिदै लगिने छ।*

*ङ) स्वप्रबन्धन गरिएका खासस्व सेवाहरूको समेत लगत र लागत समेतको राष्ट्रिय लेखा राखि त्यस्ता प्रणालीहरुलाई समेत यथोचित सहयोग र टेवा प्रदान गरिने छ। ।*

*च) खानेपानी तथा सरसफाई संग सम्बन्धित शिक्षा, स्वास्थ्य जस्ता निकायहरुको क्षेत्रगत सूचना प्रणाली बाट प्रवाह हुने तथ्यांकहरुलाई समेत NWASH मा समावेश गरि तथ्यांक आदान प्रदानको व्यवस्था मिलाईनेछ*

*छ) खानेपानी तथा सरसफाई सेवा, उपभोग र प्रतिफल सम्बन्धी सूचना तथा तथ्याङ्कहरु अन्तर निकायगत रुपमा आदान प्रदान गरिने छ ।*

## परिच्छेद – ग

## कार्यान्वयनको अनुगमन, मुल्याङ्कन र संस्थागत संरचना

### १. संघिय 'खासस्व' निर्देशक समिति

उल्लिखित नीति तथा रणनीतिहरुको कार्यान्वयन र लक्षित नतिजाहरुको समग्र अनुगमन, सहजीकरण तथा आबश्यक मार्गनिर्देश गर्न निम्न अनुसारको एक 'खासस्व'निर्देशक समिति रहने छ ।

- मा. सदस्य, राष्ट्रिय योजना आयोग (क्षेत्रगत)- संयोजक
- सचिब, खानेपानी मन्त्रालय- सदस्य
- सचिब, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय- सदस्य
- सचिब, वन तथा वातावरण मन्त्रालय- सदस्य
- महानिर्देशक, खानेपानी तथा ढल व्यबस्थापन बिभाग- सदस्य
- प्रदेश भौतिक पूर्वाधार मन्त्रालयका सचिवसरकार का प्रतिनिधि–प्रदेशसरकारको प्रतिनिधिको रूपमा प्रत्येक बैठकमा पालै पालो सबैप्रदेशको प्रतिनिधित्व हुने गरी बोलाईनेछ।
- उपभोक्ता समुदायहरु बाट प्रतिनिधि २ जना (१ महिला, १ पुरुष)- सदस्य
- मह◌ा निर्देशक, खानेपानी तथा ढल व्यवस्थापन बिभाग सरसफाइ नियामक प्राधिकरण- सदस्य सचिव
- समितिको बैठकमा आवश्यकता अनुसार स्थानीय सरकारका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

उक्त निर्देशक समितिको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुने छन्

- आवश्यक आधारभूत तथ्याङ्कहरुको संकलन गर्ने कार्यहरु गरी व्यव्स्थापन गर्ने ।
- नियमित रुपमा तथ्याङ्कहरु अद्याबधिक गर्ने कार्यहरु गर्ने छ।
- प्राप्त तथ्याङ्कहरुको बिश्लेषणका आधारमा खानेपानी, सरसफाइ, स्रोत संरक्षण तथा जल प्रदूषण नियन्त्रणको किासका लागि सूचनाहरुको संप्रेषण गर्ने ।
- खानेपानी, सरसफाइ, स्रोत संरक्षण तथा जल प्रदूषण नियन्त्रण विषयक बार्षिक प्रतिवेदन प्रकाशन गर्ने ।

### २. प्रादेशिक खा.स.स्व समन्वय समिति

यस नितीको कार्यन्वयनका लागि प्रदेश तथा स्थानीय सरकारमा खानेपानी तथा सरसफाइ सम्बनबिषयहरुमा समन्वय गर्नका लागि प्रादेशिक कार्यालय वा इकाइ स्थापना गर्न सकिनेछ

### ३. कानुनी व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनहरू तर्जुमा तथा परिमार्जन गरिनेछ ।

### ४. खारेजी र बचाउ

क) यस अघि लाग◌ु गरिएका सबै खानेपानी तथा सरसफाइ नीतिहरु खारेज गरिएका छन् ।

ख)यस अघि लागु भएका नीति अनुसार भए गरेका कार्यहरु यसै नीति बमोजिम भए गरेको मानिनेछ ।

ग) यस अघि लागु भएका नीतिमा गरिएका प्रतिवद्धताहरु यसै नीतिको अभिन्न अंग मानिने छन् ।